सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० कात्तिक २०८२, बिहीबार (6 Nov 2025, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक १९६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

जाँचबुझ आयोगमा रविको बयान

जेलको सुरक्षामा समस्या भएपछि मलाई पत्र थमाएर पठाइएको हो



२३ र २४ भदौ को घटनासम्बन्धी जाँचबुझ आयोगले सिंहदरबारस्थित कार्यालयमा रास्वपा सभापति रवि लामिछानेसँग बुधबार साढे पाँच घन्टा बयान लिएको छ।

(विस्तृत पृष्ठ २)

कांग्रेस बैठक

निर्वाचनअगाडि नै महाधिवेशनमा जान अधिकांश सदस्यको माग



बैठकमा महामन्त्री गगन थापाले १६-१९ पुसमा र संस्थापन पक्षका तर्फबाट सहमहामन्त्री महेन्द्र यादवले २७-३० वैशाख ०८३ मा महाधिवेशन गर्ने कार्यतालिका प्रस्तुत गरेका छन्। त्यसमाथि बुधबारको बैठकमा २२ सदस्यले आफ्नो धारणा राखे।

सुदूरपश्चिम प्रदेश सभा

प्रदेश सांसद र मन्त्रीका स्वकीय नहटाउने सर्वदलीय समझदारी

(विस्तृत पृष्ठ ३)

दसैँलगत्तैको वर्षाले कृषिमा साढे तीन अर्बको क्षति



मधेशमा सबैभन्दा बढी दुई अर्ब ९८ करोड चार लाख ९७ हजार मूल्यबराबरको क्षति भएको छ। आठै जिल्लामा रोपिएको धानबालीमा क्षति भएको प्रारम्भिक तथ्यांक छ।

१२ सय मेगावाटको बुढीगण्डकीमा लगानी जुटाउन नयाँ खाका

५०% स्वपुँजी, ५०% ऋण

स्वदेश र विदेशमा रहेका नेपालीलाई सेयर दिने तयारी, सरकारबाटै १ प्रतिशत ब्याजदरमा सहुलियत ऋण

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

१० वामले बनाए नेपाली कम्युनिस्ट पार्टी

आगामी निर्वाचनमा पहिलो राजनीतिक शक्ति बन्ने दाबी, एकीकृत पार्टीमा जोडिन सम्पूर्ण वामपन्थी शक्तिलाई आह्वान

जेन-जी पुस्ताका मुद्दा र आकांक्षाको सम्बोधन गर्ने प्रतिबद्धता, उच्चस्तरीय अधिकारसम्पन्न सम्पत्ति जाँचबुझ आयोग गठनका लागि पहल गर्ने

अब नेपालमा यो पार्टीलाई देशको नम्बर एक बन्न कसैले रोक्न सक्दैन



प्रचण्ड, संयोजक

अब नेपालमा यो पार्टीलाई देशको नम्बर एक बन्न कसैले रोक्न सक्दैन। यो एक नम्बर त भयो भयो। कसैलाई टाउको दुखेको पनि हुन सक्छ, कति प्रतिक्रियावादीहरूलाई त राति निद्रा नलाग्ने पनि होला। नलागे पनि नलागोस्। कम्युनिस्ट इतिहासमा १० घटकको एकता भएको दिन अभूतपूर्व, ऐतिहासिक र असाधारण हो।

गणतन्त्र र संविधानका पक्षमा भएका दलहरूसँग हातेमालो गर्छौं



माधव नेपाल, सहसंयोजक

सहकार्य गरेर होस् वा मोर्चा बनाएर होस्, यो संविधानको रक्षा गर्न, गणतन्त्र, संघीयताको रक्षा गर्न गणतन्त्र र संविधानका पक्षमा भएका दलहरूसँग हातेमालो गर्न हामीले पहल गर्नेछौं। कार्यनीति, रणनीति, मिल्ने सबैसँग एकताको अभियान अगाडि बढाउनेछौं। हामी सानो दायरमा बस्न चाहँदैनौं, संकीर्ण सोचमा बस्न चाहँदैनौं।

प्रेम गौतम/नयाँ पत्रिका

माओवादी, एकीकृत समाजवादीलगायतका १० वाम दल-समूह मिलेर नेपाली कम्युनिस्ट पार्टी (नेकपा) घोषणा गरेका छन्। बुधबार राजधानीको भृकुटीमण्डपमा एकता राष्ट्रिय सम्मेलन गर्दै उनीहरूले एकीकृत पार्टी घोषणा गरेका हुन्।

नयाँ पार्टीको संयोजकमा पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजकमा माधवकुमार नेपाल चयन भएका छन्। अन्तिम समयमा एकता प्रक्रियामा जोडिएका पूर्वप्रधानमन्त्री झलनाथ

» पृष्ठ २ मा क्रमशः



माओवादी, एकीकृत समाजवादीलगायत १० वाम दल-समूहले बुधबार काठमाडौंमा गरेको पार्टी एकता घोषणासभा। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

अन्तिममा यसरी जोडिए झलनाथ



पार्टी पुनर्गठनको घोषणा गरेका एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल पनि अन्तिम समयमा १० दल-समूहको एकता प्रक्रियामा जोडिएका छन्। एमाले अध्यक्ष केपी ओलीसँगको संवाद सकारात्मक नभएपछि र महासचिव घनश्याम भुसाल नयाँ पार्टीमा नेतृत्व दिन तयार नभएपछि खनाल अन्तिम समयमा प्रचण्ड-माधवसँगै एकता प्रक्रियामा जोडिएका हुन्। यद्यपि, यो प्रक्रियामा आफ्ना केही 'रिजर्भेसन' रहेको र प्रचण्डले 'सम्बोधन गर्ने' आश्वासन दिएको खनालको दाबी छ।

खनाल-भुसालपक्षीय केन्द्रीय सदस्यहरूको भेलामा खनालले 'मार्क्सवादमा पुस्ताको कुरा हुँदैन' भन्दै नेतृत्व दाबी गरेका थिए। तर, भुसाल आफैं नेतृत्व गर्न अघि सरेपछि खनाल सशंकित बनेको उनीनिकट एक नेताले बताए। ती नेताका अनुसार खनालले तत्काल आफूले संयोजन गर्ने र महाधिवेशनपछि नेतृत्व हस्तान्तरण गर्न चाहेका थिए। तर, भुसाल तयार भएनन्। भुसालले नेतृत्व दाबी नगर्न खनाललाई दबाब दिन अरू नेतालाई पनि बोल्न लगाए। खनालले त्यसलाई सकारात्मक रूपमा लिएनन्।

अर्कोतर्फ एमाले अध्यक्ष ओलीले एमालेमा फर्किन सार्वजनिक आग्रह गर्दा खनालले चारबुँदे सर्त माने फर्किन सकिने बताएका थिए। मार्क्सवाद लेनिनवादलाई मात्र मार्गदर्शक सिद्धान्त मान्नुपर्ने, समाजवादी क्रान्तिको कार्यदिशा स्पष्ट हुनुपर्ने, समाजवादी कार्यक्रममा एकमत हुनुपर्ने र जबज त्यागुपर्ने सर्त अघि सारेका थिए। तर, त्यसमा ओली सकारात्मक थिएनन्। मंगलबार साँझ गुन्डुमै पुगेर खनालले ओलीसँग छलफलसमेत गरेका थिए। खनाललाई लिन ओलीका सहयोगी खनालनिवासमै पुगेका थिए। एमाले नेताहरूले छलफल

» पृष्ठ २ मा क्रमशः

घनश्याम नयाँ पार्टीको तयारीमा, झाँक्रीसहितको टोली एमाले फर्किँदै



एकता प्रक्रिया अस्वीकार गर्दै पार्टी पुनर्गठन अभियानको घोषणा गरेका एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले मंसिर पहिलो साता राष्ट्रिय भेला बोलाएका छन्। भेलाले आगामी कार्ययोजना तय गर्ने र पार्टी पुनर्गठनको अभियान अघि बढाइने उनले बुधबार पत्रकार सम्मेलनमार्फत जानकारी गराएका छन्। उनलाई नेताहरू डा. विजय पौडेल, जीवनराम श्रेष्ठ, सुष्मा राईलगायतले साथ दिएका छन्।



एकता प्रक्रियामा नगएकी नेतृ रामकुमारी झाँक्री र नेता कृष्णकुमार श्रेष्ठ 'किसान'ले नेतृत्व गरेको एउटा समूह भने एमालेमा फर्किने भएको छ। बुधबार पत्रकार सम्मेलन नै गरेर उनीहरूले यसको जानकारी दिएका छन्।

एकीकृत निर्वाचन सुरक्षा योजना एक साताभित्र

निर्वाचन सुरक्षाको तयारी

- एकीकृत सुरक्षा योजना बन्दै
- सातै प्रदेशमा सुरक्षा गोष्ठी
- एकीकृत सुरक्षा गस्ती सुरु
- मतदानस्थलको वर्गीकरण अन्तिम चरणमा
- सुरक्षा निकायलाई गाडी तथा पोसाक खरिदका लागि बजेट निकासा



नयाँ पत्रिका

गृह मन्त्रालयले एकीकृत निर्वाचन सुरक्षा योजनाको मस्यौदा बनाएको छ। बुधबार बसेको एकीकृत निर्वाचन सुरक्षा योजना कार्यदलको बैठकले मस्यौदा बनाएर छलफल अघि बढाएको हो।

गृह मन्त्रालयका सहसचिव आनन्द काफ्ले संयोजक रहेको कार्यदलमा चारै सुरक्षा निकायका प्रतिनिधि छन्। एकीकृत सुरक्षा योजना दुई-चार दिनभित्रै तयार हुने सो कार्यदलका सदस्यसचिव रहेका गृह मन्त्रालयका उपसचिव रवीन्द्र आचार्यले बताए।

'एकीकृत निर्वाचन सुरक्षा योजनाको मस्यौदा बनाएर छलफलमा छ,' उनले भने, 'दुई-चार

» पृष्ठ २ मा क्रमशः

सेनाले बनायो एकीकृत सुरक्षा योजनाका लागि समिति

नेपाली सेनाले पनि निर्वाचन सुरक्षा योजनाका लागि छलफल थालेको छ। निर्वाचन सुरक्षा व्यवस्थापन कार्यविधि, २०७८ अनुसार सुरक्षा योजना बनाउन सबै सुरक्षा निकायका प्रतिनिधिसहितको समिति बनेको सैनिक प्रवक्ता सहायकरथी राजाराम बस्नेतले बताए। सुरक्षा योजना बनिसकेपछि एकीकृत सुरक्षा सेल बन्ने उनी बताउँछन्। नेपाल प्रहरी र सशस्त्र प्रहरीले निर्वाचनको तयारीका लागि निर्वाचन सेल बनाएर गृहकार्य थालिसकेका छन्।



भिड नियन्त्रणसम्बन्धी नयाँ रणनीति बन्दै

नेपाल प्रहरीले नसकेको अवस्थामा मात्र सशस्त्र खटिने



नवराज मैनाली/नयाँ पत्रिका

भिड तथा दंगा नियन्त्रणका लागि गृह मन्त्रालयले नयाँ रणनीति तय गर्न गृहकार्य थालेको छ। जेन-जी आन्दोलनमा भोगेको असफलताबाट पाठ सिकेर सुरक्षा निकायलाई प्रस्ट 'टिओआर'सहित फिल्डमा खटाउन छलफल सुरु भएको हो।

मन्त्रालय स्रोतका अनुसार अब भिड तथा दंगा नियन्त्रणमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई सँगै खटाइनेछैन। नेपाल प्रहरीले भिड नियन्त्रण गर्न नसकेको अवस्थामा दोस्रो तहमा मात्र सशस्त्र प्रहरी खटिनेछ। नेपाल प्रहरीलाई भन्दा सशस्त्र प्रहरीलाई कडा बल प्रयोग गर्ने अधिकारसहित खटाउने तयारी भइरहेको छ।

» पृष्ठ २ मा क्रमशः

- **आनन्द काफ्ले**
  गृहप्रवक्ता



दंगा नियन्त्रण कसरी गर्ने भनेर विषयहरू छलफलमा आएका छन्। यससम्बन्धी थप तालिम दिनेलगायत विषयमा छलफल भइरहेको छ।

- **नारायणबाबु थापा**
  पूर्वएआइजी, सशस्त्र प्रहरी



दुवै प्रहरीलाई सँगै खटाउने हो भने दुईवटा फौज किन चाहियो ? प्रहरीले नसकेको अवस्थामा मात्र दंगा नियन्त्रणमा थप अधिकार र स्रोतसाधनसहित सशस्त्र खटाउनु जरुरी छ।

■ सशस्त्रले दंगा नियन्त्रणका लागि छुट्टै गण बनाउने

नेपाल प्रहरीमा पनि दंगा नियन्त्रणका लागि विशेष जनशक्ति बढाउने गृह मन्त्रालयको तयारी

■ जाँचबुझ आयोगमा रविको बयान

जेलको सुरक्षामा समस्या भएपछि मलाई पत्र थमाएर पठाइएको हो

नयाँ पत्रिका

२३ र २४ भदौको घटनासम्बन्धी जाँचबुझ आयोगले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग बयान लिएको छ। बुधबार आयोगको सिंहदरबारस्थित कार्यालयमा झिकाएर उनको बयान लिएको हो।

बयानको क्रममा लामिछानेले जेलको सुरक्षाका लागि भन्दै आफूलाई पत्र दिएर निकालेको बताएका छन्। आयोगका एक अधिकारीका अनुसार आफ्नो इच्छाले नभई जेलको सुरक्षामा समस्या भएपछि जेल प्रशासनले नै आग्रह गरेर आफूलाई निकालेको बयान दिएका छन्।

'जेलभित्रको वातावरण नै फरक थियो,' उनले बयानमा भनेका छन्, 'म चाहेर बाहिर आएको होइन, पत्र दिएर निकालिएको हो।' आयोगले उनीसँग साढे पाँच घण्टा बयान लिएको थियो। २४ भदौको आन्दोलनमा सर्वत्र तोडफोड र आगजनीको घटना भएपछि लामिछाने नक्खु कारागारबाट निस्किएका थिए। आन्दोलनकारीहरू कारागारको गेटमा गएर नाराबाजी गरेपछि कारागार प्रशासनले उनलाई निकालेको थियो।

जेलर सत्यराज जोशीसँग पनि आयोगले बयान लिइसकेको छ। जोशीले लामिछानेको पत्रमा भएको हस्ताक्षर आफ्नै भएको स्वीकार गरेका छन्। तर, भिडको अवस्था रहेकाले पत्रमा रहेको व्यहोरा भने आफूले राम्रोसँग पढ्न नपाएको बताएका छन्। जोशी र लामिछानेको बयान धेरै हदसम्म मिलेको आयोग स्रोतले बतायो।

आइजिपी खापुङसँग पनि लियो बयान

जाँचबुझ आयोगले प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङसँग स्पष्टीकरण सोधेको छ। आन्दोलनमा खटिएका प्रहरीको विस्तृत विवरण दिन नमानेपछि बुधबार आयोगले २४ घण्टे स्पष्टीकरण सोधेको हो।

२३ र २४ भदौको आन्दोलनमा फिल्डमा खटिएका प्रहरीको विस्तृत विवरण माग्दै आयोगले पत्राचार गरेकोमा महानिरीक्षक खापुङले जवानदेखि महानिरीक्षकसम्म सबै खटिएको जवाफ पठाएका थिए। जाँचबुझको कामलाई असहयोग गरेपछि स्पष्टीकरण सोधिएको आयोगका प्रवक्ता विज्ञानराज शर्माले बताए।

थप विवरण पठाउन उपत्यका प्रहरी कार्यालयलाई देखाएर पन्छिएपछि स्पष्टीकरण सोधिएको आयोग स्रोत बताउँछ। बयानमा बोलाउनका लागि आयोगले २३ भदौमा बानेश्वर क्षेत्रमा खटिएका तथा सोही दिन धेरै क्षति भएका क्षेत्रमा खटिएका प्रहरीको विवरण मागेको थियो। जुन विवरण प्रहरी प्रधान कार्यालयले पठाएको छैन।

१० वामले...

पृष्ठ १ बाट क्रमशः

खनाल एकीकृत पार्टीको तेस्रो वरीयतामा छन्। नयाँ पार्टीको चुनाव चिह्न तारा राखिएको छ। माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी, जनसमाजवादी पार्टी, नेकपा (समाजवादी), नेपाल कम्युनिस्ट पार्टी, नेकपा (माओवादी-समाजवादी), नेकपा (साम्यवादी), माओवादी कम्युनिस्ट केन्द्र र देशभक्त समाजवादी मोर्चा एकताबद्ध भएर नेपाली कम्युनिस्ट पार्टी घोषणा गरिएको हो। एकता राष्ट्रिय सम्मेलनबाट प्राप्त सुझावका आधारमा अन्तरिम विधान र घोषणापत्र सर्वसम्मतिले पारित गरिएको छ। केन्द्रीय समितिलाई पूर्णता दिने र संरचनागत समायोजनसम्बन्धी अख्तियारी संयोजक र सहसंयोजकलाई दिइएको छ।

एकतामा सामेल सबै पार्टी-नेताहरूसँग आवश्यक परामर्श गरेर पार्टीका केन्द्रीय संरचनाहरूलाई पूर्णता दिने र संगठनात्मक समायोजन गर्ने प्रस्ताव पारित भएको छ। यसबाहेक त्यसअगाडि सबै घटकका केन्द्रीय समिति समायोजन गरी केन्द्रीय समिति निर्माण गर्ने निर्णय भएको छ।

एकतामा सहभागी सबै पार्टीका सदस्यहरू अबदेखि नेपाली कम्युनिस्ट पार्टीका सदस्य भएका छन्। एकतापूर्व तत्तत् दलको चुनाव चिह्नबाट निर्वाचित अबदेखि नेपाली कम्युनिस्ट पार्टीका जनप्रतिनिधि भएका छन्। पार्टी एकतामा सामेल सबै पार्टीहरूको चल, अचल, बैंक सम्पत्तिको स्वामित्व र दायित्व अबदेखि नेपाली कम्युनिस्ट पार्टीको हुने निर्णय छ।

नवगठित नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेताहरूले एकीकृत पार्टी देशकै ठुलो राजनीतिक शक्ति बन्ने दाबी गरेका छन्। एकता राष्ट्रिय सम्मेलनलाई बुधबार सम्बोधन गर्दै उनीहरूले आसन्न निर्वाचनमा पहिलो शक्ति बन्ने दाबी गरेका हुन्। साथै, एकीकृत पार्टीमा जोडिन सम्पूर्ण वामपन्थी शक्तिलाई उनीहरूको सामूहिक आह्वान छ।

पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सह-संयोजक माधव नेपाललगायतका नेताले एकतालाई ऐतिहासिक कदमको संज्ञा दिँदै अब अभियान लिएर जनताकहाँ जाने र चुनावी तयारी पनि सँगसँगै गर्ने बताएका छन्। एकता मञ्चबाट उनीहरूले सम्पूर्ण कम्युनिस्ट घटकलाई एकता प्रक्रियामा आउन आह्वानसमेत गरेका छन्।

संयोजक प्रचण्डले नेपाली कम्युनिस्ट पार्टीलाई देशको एक नम्बर पार्टी बन्न कसैले रोक्न नसक्ने जिकिर गरे। 'अब नेपालमा नेकपालाई देशको नम्बर एक पार्टी बन्न कसैले रोक्न सक्दैन। यो एक नम्बर पार्टी त भयो भयो,' प्रचण्डले सम्बोधनमा भने, 'कसैलाई टाउको दुखेको पनि हुन सक्छ। कतिपय प्रतिक्रियावादीलाई त राति निद्रा नलाग्ने पनि होला, नलागे पनि नलागोस्।'

जेन-जी आन्दोलनले वाम घटकहरूलाई एक ठाउँमा ल्याउन भूमिका खेलेको भन्दै प्रचण्डले एकीकृत पार्टी जेन-जीका मर्म र भावनाअनुसार अगाडि बढ्ने प्रतिबद्धता जनाए। उनले राष्ट्रिय राजनीतिमा देखा परेका चुनौती र संकट समाधानमा पार्टीले भूमिका खेल्ने बताए।

प्रचण्डले असाधारण एकता भएको भन्दै पार्टी नयाँ ढंगले अगाडि बढ्ने बताए। 'मलाई संयोजकको रूपमा १० घटकको ठुलो भारी, जिम्मेवारी दिनुभएको छ। मलाई विशेष हर्ष र गर्वको महसुस भएको छ,' उनले भने, 'कम्युनिस्ट इतिहासमा १० घटकको एकता भएको दिन अभूतपूर्व, ऐतिहासिक र असाधारण हो। अझै विचार मिल्नेहरूसँग एकता प्रक्रिया अघि बढाउँदै लैजान्छौँ।'

प्रचण्डले गणतन्त्रको रक्षाका लागि समाजवादी मोर्चामा रहेका दलका साथै एमाले र कांग्रेससँग पनि हातेमालो गर्न तयार रहेको बताए। '१० पार्टी मिल्दैमा पुग्यो भन्ने पक्षमा छैनौँ। अझै एकताबद्ध गर्न तयार छौँ,' प्रचण्डले भने, 'समाजवादी मोर्चामा रहेका होस् या अन्य कम्युनिस्ट घटकहरू या एमालेसँग समेत बृहत् एकता गर्न तयार छौँ। राष्ट्र बचाउन तथा लोकतन्त्र र गणतन्त्रको रक्षाका निम्ति सबैसँग हातेमालो गर्न तयार छौँ। गणतन्त्रको रक्षाका लागि कांग्रेससँग पनि सहकार्य गर्छौं।'

सह-संयोजक नेपालले अनेक अड्चनका बाबजुद लामो गृहकार्यपछि पार्टी एकतामा पुगेको बताउँदै आग्रह-पूर्वाग्रह नगरी कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध बनाउँदै लैजाने बताए। उनले कम्युनिस्ट आन्दोलनको मूल प्रवाह नेपाली कम्युनिस्ट पार्टी भएको दाबी पनि गरे। 'नेकपाकालका ९ शीर्ष नेताहरूमध्ये ५ जना यहीँ छौँ। प्रचण्ड, म आफैँ, माधव नेपाल, जेएन खनाल, वामदेव गौतम र नारायणकाजी श्रेष्ठ यही छौँ। त्यसैले मूल पार्टी यही भएको छ,' उनले भने, 'विगतको अनुभव समीक्षा गरेर अगाडि बढ्नुपर्नेछ।'

त्यसैबीच, एकता सम्मेलनमा एकीकृत पार्टीका २३बुँदे प्रतिबद्धता पत्र र नौबुँदे प्रस्ताव पारित गरिएको छ। नवगठित पार्टीले जेन-जी पुस्ताका मुद्दा र आकांक्षाको सम्बोधन गर्न प्रतिबद्ध रहने प्रतिबद्धता जनाएको छ। विगतका कामको समग्र समीक्षा गरेर भएका कमी-कमजोरीहरू सच्याउँदै कार्यशैलीमा व्यापक सुधार, पुनर्गठन र रूपान्तरण गर्दै अघि बढ्न तत्पर रहने पनि एकीकृत पार्टीको प्रतिबद्धता छ।

नयाँ पार्टीले उच्चस्तरीय अधिकारसम्पन्न सम्पत्ति जाँचबुझ आयोग गठन गरेर हालसम्म सार्वजनिक पद धारण गरेका सबै व्यक्तिको सम्पत्ति छानबिन गरी भ्रष्टाचारीहरूलाई कडा कारबाही गराउन प्रभावकारी पहल गर्ने प्रतिबद्धता पनि जनाएको छ। राज्यको सेवा प्रवाहलाई छिटो, छरितो र चुस्तदुरुस्त बनाउन र शिक्षा, स्वास्थ्यलगायत आधारभूत सेवा प्रवाहमा आमजनताको पहुँच स्थापित गर्न विशेष पहल गर्ने पनि उसले प्रतिबद्धता जनाएको छ। भ्रष्टाचार, अनियमितता र ढिलासुस्तीको अन्त गर्न तथा सुशासन, पारदर्शिता, सामाजिक न्याय र मुलुकको समृद्धिका लागि निरन्तर पहल गर्ने प्रतिबद्धता पनि जनाएको छ।

अन्तिममा यसरी...

पृष्ठ १ बाट क्रमशः

सकारात्मक भएको प्रचार गरेका थिए। तर, खनालले श्रीमती रविलक्ष्मी चित्रकारको स्वास्थ्य उपचारका क्रममा देखाएको सद्भावका लागि धन्यवाद दिन गएको दाबी गरेका छन्।

बुधबार बिहान प्रचण्डले खनालसँग छलफल गरेका थिए। बुधबारको छलफलमा प्रचण्डले खनालका चारबुँदे सर्तसँग कुनै विमति नभएको भन्दै सँगै अगाडि बढ्न आग्रह गरेका थिए। प्रचण्डले आफूले नै जोडबल गरेर विगतमा प्रधानमन्त्री बनाएको प्रसंगसमेत निकालेका थिए। खनालले राखेको आफूनिकट नेता तथा कार्यकर्ताको व्यवस्थापनमा समेत प्रचण्डले सम्बोधन हुने प्रतिबद्धता जनाएको एक नेताले बताए।

प्रचण्डको जोडबलमा खनाल एकता राष्ट्रिय सम्मेलनमा सहभागी भएका हुन्। सुरुमा प्रचण्ड र खनालबिच मात्रै छलफल भएको थियो भने त्यसपछि प्रचण्ड, माधवकुमार नेपाल, खनाल र घनश्याम भुसालबिच संयुक्त छलफलसमेत भएको थियो। तर, भुसालले नेतृत्व हस्तान्तरणमा सहमति हुनुपर्ने विषय उठाएपछि कुरा मिलेको थिएन। खनाल एकता राष्ट्रिय सम्मेलनमा केही ढिला उपस्थित भएका थिए। उनले ढिला हुनुको कारण रहेको सम्बोधनकै क्रममा बताए। 'मैले कमरेड प्रचण्डलाई 'रिजर्भेसन' भनिसकेको छु। उहाँले हामी त्यो कुरा मिलाउँछौँ भनेर प्रतिबद्धता व्यक्त गर्नुभएको छ,' खनालले भने, 'त्यही विश्वासका आधारमा केही विमति भए पनि एकताको विकल्प छैन भनेर एकतामा बल पुऱ्याउन आएको हुँ।'

खनाल-भुसाल समूहलाई एकता प्रक्रियामा सहभागी गराउन एकीकृत समाजवादीको संस्थापन पक्षको भन्दा माओवादीको बढी जोड थियो। प्रचण्डसहितका नेता खनालसँग निरन्तर संवादमा थिए। नीतिमा फरक नभएको भन्दै एकीकृत आन्दोलनमा आउन माओवादी नेताले जोड गरेका थिए।

एकीकृत...

पृष्ठ १ बाट क्रमशः

दिनभित्रै त्यसलाई स्वीकृत गरेर कार्यान्वयनमा लैजान्छौँ।'

कार्यदलमा नेपाली सेनाका सहायकरथी मनोज थापा, नेपाल प्रहरीका डिआइजी दीपक रेग्मी, सशस्त्र प्रहरी बलका डिआइजी दीपक अधिकारी र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक कृष्ण खनाल सदस्य तथा गृहका उपसचिव आचार्य सदस्यसचिव छन्।

२१ फागुनका लागि घोषणा भएको प्रतिनिधिसभा निर्वाचनका लागि गृह मन्त्रालयले सुरक्षा तयारीलाई तीव्रता दिएको हो। दुई साताअघि बसेको केन्द्रीय सुरक्षा समितिको निर्णयअनुसार सुरक्षा योजना अघि बढेको हो। समितिको निर्णयअनुसार एकीकृत सुरक्षा गस्तीसमेत सुरु भइसकेको गृह मन्त्रालयका उपसचिव आचार्यले बताए।

मन्त्रालयले निर्वाचन सुरक्षाका लागि मंसिर दोस्रो साताभित्र सातै प्रदेशमा सुरक्षा गोष्ठी गर्ने तयारी गरेको छ। साथै, मतदान केन्द्रको वर्गीकरणसमेत थालिसकेको छ। उपसचिव आचार्यका अनुसार बुधबारसम्म ६९ जिल्लाले सबै मततान केन्द्रको सुरक्षा संवेदनशीलता वर्गीकरण गरेर पठाइसकेका छन्। बाँकी आठ जिल्लाले पनि पठाउने तयारी गरेका छन्। मतदान केन्द्रलाई अति संवेदनशील, संवेदनशील र सामान्य गरी तीन चरणमा वर्गीकरण गरी त्यहीअनुसार सुरक्षाकर्मी परिचालनको योजना बनाउन लागिएको छ। साथै, हेलिकोप्टरमार्फत मतपेटिका ओसार्नुपर्ने स्थानहरूको समेत विवरण तयार गर्ने काम भइरहेको छ। त्यस्तै, जिल्लाहरूलाई पनि सुरक्षाको दृष्टिकोणले तीन वर्गमा वर्गीकरण गरेर सुरक्षाकर्मी अह्रनखटन गर्न लागिएको छ।

जेन-जी आन्दोलनले सुरक्षाकर्मीको भौतिक स्रोतसाधनमा ठुलो क्षति पुगेकाले यसपटक निर्वाचनमा खर्च बढ्ने अवस्था छ। सवारीसाधनदेखि पोसाकसम्म ठुलो संख्यामा खरिद गर्नुपर्ने प्रहरीले जानकारी गराएको छ। प्रहरीले केही सवारीसाधन खरिदको प्रक्रिया अघि बढाइसकेको छ भने अन्य बन्दोबस्तीका सामान पनि खरिदका लागि छलफल भइरहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ। हाल प्रहरीले सयवटा सवारीसाधान खरिद गर्न ४२ करोड रुपैयाँ अर्थ मन्त्रालयबाट पाइसकेको छ। सञ्चारसाधन तथा भिड नियन्त्रणका सामान पनि तत्काल खरिद गर्नुपर्ने आवश्यकता रहेको प्रहरी अधिकारी बताउँछन्।

नेपाल प्रहरीले...

पृष्ठ १ बाट क्रमशः

स्रोतका अनुसार सशस्त्र प्रहरीले नै यससम्बन्धी विस्तृत योजना मन्त्रालयमा पेस गरिसकेको छ।

गृहप्रवक्ता आनन्द काफ्लेले दंगा नियन्त्रणसम्बन्धी विषय छलफलमा आएको बताए। 'आगामी दिनमा दंगा नियन्त्रण कसरी गर्ने भन्ने विषयहरू छलफलमा आएका छन्,' उनले भने, 'दंगा नियन्त्रणसम्बन्धी थप तालिम दिनेलगायत विषयहरू यसमा छन्।'

हाल भिड नियन्त्रणमा नेपाल प्रहरी र सशस्त्र प्रहरी सँगै खटिने गरेका छन्। दुवैलाई प्रस्ट जिम्मेवारी हुँदैन। जसकारण फिल्डमा समन्वयमा समेत समस्या हुने गरेको छ। जेन-जी आन्दोलनमा पनि दुई निकायबिच राम्रो समन्वय हुन सकेको थिएन।

'अब सिडिओको आदेशपछि मात्र सशस्त्र प्रहरी खटिने र उनीहरूलाई नीतिगत रूपमै प्रस्ट जिम्मेवारी तोक्ने तयारी गरेका छौँ,' गृह मन्त्रालयका एक अधिकारीले भने, 'नेपाल प्रहरी र सशस्त्र प्रहरीको फरक छुट्याएर त्यहीअनुसार जिम्मेवारी दिन्छौँ।'

स्रोतका अनुसार भिड नियन्त्रणमा सुरुमा स्थानीय प्रहरी खटिने, त्यसपछि प्रहरीकै दंगा नियन्त्रणको विशेष टोली खटिनेछ। त्यो टोलीले पनि स्थिति नियन्त्रणमा लिन नसकेको अवस्थामा मात्र सशस्त्र प्रहरी खटिने गरी योजना बनेको छ। त्यसरी सशस्त्र प्रहरी खटिँदा सिडिओले अनिवार्य रूपमा आदेश दिनुपर्ने र सशस्त्र प्रहरी खटिएसँगै आदेशविना नै घुँडामुनि गोली हान्ने अधिकार दिन लागिएको छ। सशस्त्र प्रहरी खटिएपछि थप बल प्रयोग गर्छ भन्ने विषय स्थापित हुने गरी उसलाई खटाउन लागिएको छ।

अर्धसैन्य संरचनाको सशस्त्र प्रहरी बलको परिचालनमा कमजोरी हुँदै आएको विषय यसअघिदेखि नै उठ्दै आएको थियो। सशस्त्र प्रहरीले पनि आफूलाई कानुनले दंगा नियन्त्रणमा मात्र खटाउने भनेकोमा त्यहीअनुसार कार्यान्वयन गर्न प्रस्ताव राख्दै आएको थियो। तर, सरकारले सामान्य आन्दोलनदेखि जात्राहरूमा समेत सशस्त्र प्रहरी खटाउँदै आएको छ। जसलाई नीतिगत रूपमै सुधार गर्न लागिएको छ। यसका लागि नयाँ कार्यविधि बनाउने छलफल भइरहेको छ।

सशस्त्र प्रहरी बलका पूर्वएआइजी नारायणबाबु थापा नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई सँगै खटाउनु नै अर्धसैन्य संगठनको मान्यताविपरीत भएको बताउँछन्।

सार्वजनिक सुनुवाइको सूचना

हिमालयन एभरेष्ट वाटर प्रा. लि. को स्थानान्तरण र क्षमता अभिवृद्धिको निमित हुन गइरहेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रयोजनार्थ तल उल्लेखित मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई हुने भएकाले सरोकारवालाको उपस्तिथिका लागि अनुरोध छ।

मिति : २०८२/०७/२७ गते बिहीबार
समय : बिहान ११ बजे
स्थान : उद्योग स्थल, सोलुदुधकुण्ड नगरपालिकाअन्तर्गत वडा नं ८ र ११, वनभाडे, सोलुखुम्बु

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको आ.ब. २०८२/८३ को प्रथम त्रैमासको विवरण देहाय अनुसार रहेका छन् ।

प्रकाशित मिति: २०८२/०७/२०

१. **निकायको स्वरुप र प्रकृति :**
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित "क" वर्गको राष्ट्रियस्तरको वाणिज्य बैंक हो।

२. **निकायको काम कर्तव्य र कार्य अधिकार :**
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको काम, कर्तव्य र कार्य अधिकार अन्तर्गत निक्षेप परिचालन गर्ने र तिनको भुक्तानी दिने, रकमान्तर गर्ने, परियोजना तथा हाइपोथिकेसन धितो राखी कर्जा दिने, सहवित्तीयकरणको आधारमा कर्जा दिने लगायत विभिन्न प्रकारका कर्जा प्रवाह गर्ने, प्रतितपत्र तथा जमानत पत्र जारी गर्ने, शेयर, डिबेञ्चर, ऋणपत्र आदि जारी गर्ने, विदेशी विनिमय कारोवार गर्ने, नेपाल राष्ट्र बैंकले तोकेको शर्तमा नेपाल सरकारको तर्फबाट सरकारी कारोवार गर्ने, नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरीद बिक्री गर्ने, विदेशबाट विप्रेषण प्राप्त गर्ने लगायत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकको निर्देशन तथा यस बैंकको प्रबन्धपत्रमा तोकिए वमोजिमको कार्य गर्ने।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
बैंकमा हाल १७८५ कर्मचारी कार्यरत रहेको र निजहरुको कार्य विवरण बैंक व्यवस्थापनले तोके बमोजिम रहेका छन्। व्यवस्थापकीय कर्मचारीको नाम र कार्यभार यस बैंकको वेबसाईट https://www.ctznbank.com/about-us/executive-teams मा हेर्न सकिने छ।

४. **निकायबाट प्रदान गरिने सेवा :**
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशनहरु बमोजिम "क" वर्गको वाणिज्य बैंकले दिने सम्पूर्ण बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ। यसैगरी बैंकको ७ वटा प्रदेश अन्तर्गतका जिल्लाहरुमा रहेका बिभिन्न शाखा कार्यालयहरु मार्फत निक्षेप संकलन, कर्जा प्रवाह, प्रतितपत्र, जमानतपत्र, रेमिटान्स, डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड, मोवाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, एटिएम, कल सेन्टर लगायतका बैंकिङ्ग सेवा प्रदान गरी रहेको, साथै १६८ वटा एटिएम, ३ वटा एक्टेन्सन काउन्टर र ४२ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट आवश्यक आधुनिक सहितका बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखाहरु र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेबसाईट https://www.ctznbank.com/branches मा उपलब्ध छ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**
यस बैंकले प्रदान गर्ने विभिन्न सेवा सम्बन्धी विवरण तथा लाग्ने शुल्क यस बैंकको वेबसाईट https://www.ctznbank.com/interest-rate तथा https://www.ctznbank.com/interest-rate/ fees-and-commission मा उपलब्ध छ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
बैंकिङ्ग कारोवारको सम्बन्धमा विभिन्न तहका अधिकारीलाई आवश्यक अधिकार प्रत्यायोजन गरिएको छ। दैनिक कार्य संचालनका लागि प्रमुख कार्यकारी अधिकृत तथा बैंक सञ्चालक समिति अन्तिम निर्णयकर्ता हुन्।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
निर्णय उपर उजुरी सुन्ने अधिकारीको व्यवस्था तथा उजुरी दर्ता तथा सुनुवाई सम्बन्धी पूर्ण विवरण बैंकको वेबसाईट https://www.ctznbank.com/grievance-handling मा हेर्न सकिनेछ।

९. **सम्पादन गरेको कामको विवरण :**
यस बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "क" वर्गको वाणिज्य बैंकहरुले गर्नसक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु गर्दै आईरहेको छ। बैंकले गरेका नयाँ कार्यहरुको जानकारी/सूचना प्रेस रिलिज मार्फत सार्वजनिक गर्ने गरिएको छ। उक्त विवरणहरु बैंकको वेबसाईट https://www.ctznbank.com/news मा समेत हेर्न सकिनेछ।

१०. सूचना अधिकारीको र कार्यकारी प्रमुखको नाम र पद :
बैंकको सूचना अधिकारीको विवरण देहाय वमोजिम रहेको छ।
नाम : श्री नारायण राज अधिकारी
पद : सहायक प्रमुख कार्यकारी अधिकृत
बैंकको कार्यकारी प्रमुखको विवरण देहाय वमोजिम रहेको छ।
नाम : श्री गणेश राज पोखरेल
पद : प्रमुख कार्यकारी अधिकृत

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**
निम्न उल्लेखित नियम विनियम र निर्देशिकाको अधिनमा रहेर बैंकले दैनिक कार्य सम्पादन गर्दै आएको छ।
(क) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ र सम्बन्धित अन्य ऐन, नियमावली तथा विनियमहरु।
(ख) नेपाल राष्ट्र बैंक ऐन, २०५८ र सो अन्तर्गत जारी भएका एकीकृत निर्देशन, परिपत्र तथा सूचनाहरु।
(ग) बैंकको प्रबन्धपत्र तथा नियमावली।
(घ) कर्मचारी सेवा विनियमावली।
(ङ) आर्थिक प्रशासन विनियमावली।
(च) कर्जा अपलेखन विनियमावली, आदि।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण त्रैमासिक रुपमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्ने गरिएको छ। साथै, सम्पूर्ण अद्यावधिक विवरण बैंकको वेवसाईटको Reports and Disclosure खण्डमा प्रकाशित गर्ने गरिएको छ।

१३. **अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:**
अघिल्लो आ.व. २०८१/८२ मा बैंकले नियमित बैंकिङ कारोवार, वार्षिक साधारण सभा सम्पन्न गर्नुका साथै विभिन्न समयमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न समुदाय/संघसस्थालाई नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम सहयोग गर्ने एवम् बैंकले वित्तीय साक्षरताको अभिवृद्धि तथा आम जनसमुदायलाई बैंकिङ्ग सेवासँग चिरपरिचित गराउने अभिप्रायले जनचेतनामुलक श्रब्य दृश्य सामाग्रीहरु सार्वजनिक गरी विभिन्न माध्यमबाट प्रसारण गर्ने जस्ता विभिन्न कार्यक्रम आयोजना गरेको छ।

१४. **सार्वजनिक निकायको वेवसाइट भए सोको विवरण**
यस बैंकको वेवसाइट www.ctznbank.com रहेको छ।

१५. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**
नभएको।

१६. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**
संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत हाल सम्म यस बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार प्राकृतिक उपचार केन्द्रमा आउने विरामीका लागि भौतिक संरचना निर्माण, बृक्षारोपण, वाढीपिडितलाई सहयोग, सामुदायिक शैक्षिक संस्थालाई सामाजिक उत्तरदायित्व अन्तर्गत हाल सम्म यस बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार प्राकृतिक उपचार केन्द्रमा आउने विरामीका लागि भौतिक संरचना निर्माण, बृक्षारोपण, वाढीपिडितलाई सहयोग, सामुदायिक शैक्षिक संस्थालाई सहयोग, गरीब र जेहेन्दार विद्यार्थिलाई छात्रबृति तथा पोशाक बितरण, दृष्टिविहीन बालबालिकाका लागि ब्रेल शैक्षिक सामग्री सहयोग, विपन्न मृगौला विरामी उपचाररत संस्थालाई सहयोग, विकलाङ्ग समूदायका लागि सहयोग, महिलाहरूको रोजगारी र जीवनशैलीको स्तरोन्नति कार्यक्रम, रक्तदान कार्यक्रम सञ्चालन, बृद्धाश्रमका लागि सहयोग लगायत शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार जस्ता कार्यमा सहयोग प्रदान गर्नुका साथै संस्थागत सामाजिक उत्तरदायित्व कोषको रकम गरिब तथा विपन्न वर्ग लक्षित कार्यक्रममा खर्च हुनेगरी वित्तीय साक्षरता अभिवृद्धिको लागि विभिन्न कार्यक्रम समेत आयोजना गर्दै आएको छ। बैंकले संचालन गरेको कार्यक्रमहरुको विस्तृत विवरण बैंकको वेवसाईट https://www.ctznbank.com/csr मा समेत उपलब्ध रहेको छ।

१७. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:**
नभएको।

१८. **सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**
नियमनकारी निकायहरुबाट माग भएका सूचनाहरु बैंकले प्रदान गरेको र सो बाहेक सर्वसाधारणबाट माग भएका सूचनाहरुको सम्बन्धमा बैंकले नियम अनुसार जानकारी प्रदान गर्दै आएको छ।

१९. **सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएमा सोको विवरण :**
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित गरी बैंकको वेवसाईटमा समेत उपलब्ध गराइएको छ। साथै, बैंकको वित्तीय विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय दैनिक पत्रपत्रिकामा प्रकाशित गरी बैंकको वेवसाईटमा समेत उपलब्ध गराउँदै आएको छ।

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४, फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
टोल फ्री नं: १६६००१६६६६७, नोटीस बोर्ड: १६१८०१४२६२६९९

Citizens Bank
THE BANKER BANK OF THE YEAR 2024 NEPAL

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी

(प्रकाशित मिति : २०८२/०७/२०)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरवारमार्ग, काठमाडौं, नेपाल पोष्ट वक्स न ३४१२
फोन न.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

यस बैंक (साविक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण बेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०७/२६

बोलपत्र खोलिने मिति २०८२/०७/२७ दिउँसो ३ बजे

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी: नसीब गार्मेन्ट उद्योग प्रा.लि. (विविध कर्जा) -शाखा कार्यालय बुटवल,** दर्ता.नं.: २१०३७२/०७५/०७६, ठेगाना: तिलोत्तमा न.पा. १४, रुपन्देही **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. तुलसी भुसाल -जमानीकर्ता** (ना.प्र.नं. ३४८६, मिति २०४६/०२/१७ मा जि.प्र.का. रुपन्देहीवाट जारी भएको) पति : लिलाराम भुसाल, ससुरा : कमलापति भुसाल **२. लिलाराम भुसाल -जमानीकर्ता** (ना.प्र.नं. ७६६०२४, मिति २०४२/०१/१४ मा जि.प्र.का. रुपन्देहीवाट जारी भएको) वावु : कमलापति भुसाल, बाजे : नन्दलाल भुसाल **३. शोभा गौतम -जमानीकर्ता** (ना.प्र.नं. २८८०४, मिति २०६१/११/२४ मा जि.प्र.का. रुपन्देहीवाट जारी भएको) पति : विष्णु प्रसाद भुसाल, ससुरा : लिलाराम भुसाल **४. विष्णु प्रसाद भुसाल -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ३७/२/१७०७९, मिति २०५७/०३/१८ मा जि.प्र.का. रुपन्देहीवाट जारी भएको), वावु: लिलाराम भुसाल, वाजे: कमलापति भुसाल **६. पार्वती अर्याल भुसाल -जमानीकर्ता** (ना.प्र.नं. ४२२०१७/५०९, मिति २०६९/१०/१४ मा जि.प्र.का. रुपन्देहीवाट जारी भएको) पति : विष्णु प्रसाद भुसाल, ससुरा : लिलाराम भुसाल	१. शोभा गौतमको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, टिकुलीगढ गा.वि.स./न.पा. वडा नं. ०५(ग) स्थित कि.नं. २०० (०-९-०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. नसीव गार्मेन्ट उद्योग प्रा.लि.को नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, टिकुलीगढ गा.वि.स./न.पा. वडा नं. ०१(क) स्थित कि.नं. १३९६ (०-५-०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। ३.नसीव गार्मेन्ट उद्योग प्रा.लि.को नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, टिकुलीगढ गा.वि.स./न.पा. वडा नं. ०१(क) स्थित कि.नं. ५७१ (१-७-०-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। ४. पार्वती अर्याल भुसालको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, टिकुलीगढ गा.वि.स./न.पा. वडा नं. ०३(क) स्थित कि.नं. १२२७ (०-१६-५.५-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। नोट : बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बुटवल, रुपन्देही
२.	**ऋणी : जय बेताल हार्डवेयर एण्ड सप्लायर्स(विविध कर्जा) -शाखा कार्यालय महेन्द्रनगर,** प्रा.फ.र.नं. ६५४/०७४/०७५, ठेगाना : भिमदत्त न.पा. ०६, कञ्चनपुर **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. पुरन कुमाल -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.३८०५९२७६, मिति २०५७/१२/२६ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको) वावु : नरे कुमाल, बाजे : मन्धीरे कुमाल **२. भिम बहादुर कुमाल -जमानीकर्ता** (ना.प्र.नं.१८०५९१८१, मिति २०५५/१०/२७ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको), वावु : नरे कुमाल, बाजे : मन्धीरे कुमाल **३. ललिता कुमाल -जमानीकर्ता** (ना.प्र.नं.७५३००४/१३६५, मिति २०६३/१०/१८ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको) पति : पुरन कुमाल, ससुरा : नरे कुमाल	१.भिम बहादुर कुमालको नाममा कञ्चनपुर जिल्ला मालपोत कार्यालय महेन्द्रनगर, कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, चाँदनी गा.वि.स./न.पा. वडा नं. ०३ स्थित कि.नं. ११११ (०,२६६७.५८ व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा घर/उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. पुरन कुमालको नाममा कञ्चनपुर जिल्ला मालपोत कार्यालय महेन्द्रनगर कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, महेन्द्रनगर गा.वि.स./न.पा. वडा नं. ०६ स्थित कि.नं. २३७६ (०,०१७०.०० व.मि.) र कि.नं. ३५४८ (००२३० व.मि.) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। नोट : बोलपत्र खोलिने स्थान : शाखा कार्यालय महेन्द्रनगर, कञ्चनपुर
३.	**ऋणी: सेभेन हिल्स फार्म प्रा.लि. (विविध कर्जा) -शाखा कार्यालय मेघौली,** दर्ता नं.: २२६९७४/०७६/०७७, ठेगाना: भरतपुर म.न.पा. २५, चितवन **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. होम बहादुर तमाङ्ग -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. २३६६६ धादिङ, मिति २०५४/११/१७ मा जि.प्र.का. चितवनबाट जारी भएको), बाबु : चन्द्र बहादुर तमाङ, बाजे : प्रताप बहादुर तमाङ **२. अरुणा तमाङ्ग -जमानीकर्ता** (ना.प्र.नं. २६१/१७१३४, मिति २०६४/०९/२४ मा जि.प्र.का. धादिङ्गबाट जारी भएको) पति : होम बहादुर तमाङ, ससुरा : चन्द्र बहादुर तमाङ	१. अरुणा तामाङ्गको नाममा चितवन जिल्ला मालपोत कार्यालय चनौली, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, सुक्रनगर गा.वि.स./न.पा. वडा नं. ८(क) स्थित कि.नं. ९३० (९३५.७८ व.मि.), कि.नं. ५९५ (०-०-१९-० विगाहा), कि.नं. ५९७ (०-२-१४-० विगाहा) र कि.नं. ९३२ (१३०.५० व.मि.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. सेभेन हिल्स फार्म प्रा.लिको नाममा चितवन जिल्ला मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, सुक्रनगर गा.वि.स./न.पा. वडा नं. ८(क) स्थित कि.नं. ४६९ (०-१-६-० विगाहा), कि.नं. ४६७ (०-०-१८-० विगाहा), कि.नं. ४३१ (०-१०-०-० विगाहा) र कि.नं. ४७१ (०-०-१४-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। ३. सेभेन हिल्स फार्म प्रा.लिको नाममा चितवन जिल्ला मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, सुक्रनगर गा.वि.स./न.पा. वडा नं. ८(क) स्थित कि.नं. ६१७ (०-०-१४.२५-० विगाहा), कि.नं. ६२१ (०-६-१७-० विगाहा), कि.नं. ४७२ (०-८-०.५-० विगाहा), र कि.नं. ६१९ (०-४-८.२५-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। ४. होम बहादुर तामाङ्गको नाममा चितवन जिल्ला मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, सुक्रनगर गा.वि.स./न.पा. वडा नं. ८(क) स्थित कि.नं. ८८६ (१११६.६९ व.मि.), कि.नं. ५९८ (०-४-१४-० विगाहा), कि.नं. ५९६ (०-०-६-० विगाहा) तथा ऐ.ऐ. मेघौली गा.वि.स./न.पा. वडा नं. ८(क) स्थित कि.नं. १९७० (०-२-०-० विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। नोट : बोलपत्र खोलिने स्थान : शाखा कार्यालय मेघौली, चितवन

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

नोट :
क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं/सम्बन्धीत शाखाबाट रु १०००/(तिरी लिन सकिनेछ।
ख) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुनेछ।

■ कांग्रेस केन्द्रीय समिति बैठक

निर्वाचनअघि नै महाधिवेशनमा जानुपर्ने अधिकांश सदस्यहरूको मत

पर्शुराम काफ्ले/नयाँ पत्रिका

कांग्रेसमा निर्वाचनभन्दा पहिला महाधिवेशनमा जानुपर्ने मत बलियो बन्दै गएको छ। जारी केन्द्रीय कार्यसमिति बैठकमा यसअघि र बुधबार बोल्ने अधिकांश नेताले निर्वाचनअघि नै पार्टीको १५औँ महाधिवेशनमा जोड दिएका छन्।

मंगलबार पार्टी महामन्त्री गगनकुमार थापाले प्रस्ताव गरेको १६-१९ पुसमा महाधिवेशन गर्ने प्रस्ताव तथा व्यक्तिगत तवरले सहमहामन्त्री महेन्द्र यादवले वैशाख अन्तिम साता महाधिवेशन गर्ने धारणाबारे पदाधिकारीसहित २२ जनाले बोलेका थिए। नेताहरूले महामन्त्री थापा र सहमहामन्त्री यादवले राखेको प्रस्तावको पक्ष-विपक्षमा रहेर धारणा राखेपछि महाधिवेशनको विषय पेचिलो बनेको छ।

कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार बुधबारको बैठकमा सहमहामन्त्री फर्मुल्लाह मन्सुर, केन्द्रीय सदस्यहरू प्रकाशमान सिंह, पद्मनारायण चौधरी, जीवनबहादुर शाही, सुरेन्द्रराज पाण्डे, शंकर भण्डारी, कृष्णकिशोर घिमिरे, तारामान गुरुङ, आङ्गेलु शेर्पा, मदनबहादुर अमात्य, चन्द्रबहादुर केसी, अब्दुल सत्तार, उदयशमशेर राणा, अञ्जनी श्रेष्ठ, जाबेदा खातुन जागा, डा. गोविन्दराज पोखरेल, अजयबाबु शिवाकोटी, माया राई, चम्पादेवी खड्का, सुशीला ढकाल (आचार्य), गंगा शाही र सीतादेवी देवकोटाले बोलेका थिए।

बैठकमा सहमहामन्त्री फर्मुल्लाह मन्सुर र केन्द्रीय सदस्य तारामान गुरुङले महामन्त्री थापालाई पार्टी सभापति बनाउनुपर्ने र भावी प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सारेर चुनावमा जानुपर्ने बताएका छन्। संस्थापननिकट मानिने सहमहामन्त्री मन्सुरले महामन्त्री थापालाई देशले खोजेको व्यक्ति भन्दै सभापति बनाउनुपर्ने बताए। 'देशले, युवा पुस्ताले खोजेका महामन्त्री गगन थापालाई अबको महाधिवेशनबाट पार्टी सभापति बनाउँ, त्यसपछि उहाँलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेर निर्वाचनमा जाऊँ,' मन्सुरको भनाइ उद्धृत गर्दै कांग्रेस केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले भने।

केन्द्रीय सदस्य आङ्गेलु शेर्पाले पार्टी महाधिवेशन तत्कालै हुनुपर्ने र सबै मुद्दा टुंग्याएर चुनावमा जानुपर्ने बताए। 'चुनावमा यत्तिकै जान सकिन्छ ? यथास्थितिमा जाँदा जनताले भोट दिन्छन् ?' शेर्पाले प्रश्न गर्दै भने।

अर्का केन्द्रीय सदस्य उदयशमशेर राणाले सभापति शेरबहादुर देउवाले भनिसकेकाले समयमै नियमित महाधिवशेन गर्नुपर्ने बताए। 'सभापतिले भनेअनुसार समयमै महाधिवेशन गरौं। सबै तहका अधिवेशन गरौं,' राणाले भने। यद्यपि, उनले विशेष महाधिवेशनको मागमा पुनर्विचार गर्नुपर्ने धारणा राखे।

केन्द्रीय सदस्य मदन अमात्यले सभापति देउवालाई मान्छु, परिवार (श्रीमती)लाई मान्दिनँ भन्दै देउवापत्नी आरजुको आलोचना गरेका थिए। 'पार्टीमा विद्रोहलाई कसैले रोक्न सक्दैन। मंसिरमा महाधिवेशन गर्न तपाईंहरू किन डराउने ? अझै पनि टिकट बाँडेर पैसा उठाउने नियत राखेको ? होइन भने महाधिवेशन किन सुरु नगर्ने ?' उनले प्रश्न गर्दै भने, 'हाम्रो महाधिवेशनबाट प्रचण्ड र ओली नेतृत्वमा आउने होइन, हाम्रै नेता आउने हो। किन डराउनुपर्ने ?'

केन्द्रीय सदस्य तारामान गुरुङले आफू कृष्णप्रसाद सिटौलाको कार्यकर्ता भएको, तर अहिले उनको लाइनमा नभएको उद्घोष गरे। 'गगन थापाजीलाई अघि बढाउने मागको पक्षमा छु। गगनलाई पार्टी सभापति बनाएर अघि बढ्नुपर्छ भन्नेमा समर्थन गर्छु,' उनले भने।

केन्द्रीय सदस्य अब्दुल सत्तारले नेता कृष्णप्रसाद सिटौलाको आलोचना गरे। सिटौलाले मंगलबार महामन्त्री थापाको आलोचना गरेकोमा सत्तारले उनलाई लक्षित गर्दै भने, 'महाधिवेशन गर्छु भन्ने महामन्त्रीलाई सघाउने कि रोक्ने हो ? महाधिवेशन गर्न सक्छु भनिरहेका महामन्त्रीलाई सघाउने पो हो त, हुँदैन भनेर रोक्न खोज्ने ?'

केन्द्रीय सदस्य शंकर भण्डारीले विशेष राजनीतिक प्रस्ताव भन्दै हिन्दु राष्ट्रको पक्षमा अडान राखे। उनले पूर्वराजासहितको बृहत् राजनीतिक छलफलबाट देशलाई निकास दिनुपर्ने बताए। उनले देशको राजनीति तरल र जटिल भएको उल्लेख गर्दै देश बचाउन, प्रजातन्त्रलाई गति दिन मेलमिलापको नीतिअनुसार अघि बढ्नुपर्ने बताए।

बिपी, सुवर्णशमशेर, किसुनजीलगायत नेतालाई स्मरण गर्दै राष्ट्रिय एकता र मेलमिलापको अधीनमा रहेर प्रजातान्त्रिक, राष्ट्रिय शक्ति र पुरानो राजसंस्थालाई समेत एकै ठाउँमा ल्याउनुपर्ने उनले प्रस्ताव गरेका छन्। केही दिनअघि पूर्वउपसभापति गोपालमान श्रेष्ठले पनि यही प्रस्ताव राखेको उनले स्मरण गराएका थिए। केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले पार्टीमा ३० वर्षमुनि उमेर समूहका व्यक्तिलाई ठाउँ दिनुपर्ने बताए। उनले पार्टी कार्यकर्ताको भावनाअनुसार मंसिरभित्रै नियमित वा विशेष महाधिवेशनमा जानुको विकल्प नभएको स्मरण गराएका थिए।

नेता जीवनबहादुर शाहीले पार्टीका पूर्वपदाधिकारीहरू समयअनुसार चल्न नसकेको भन्दै आपत्ति जनाए। उनले समय र जेन-जीको मागअनुसार पार्टी चल्नुपर्ने भन्दै निर्वाचनअघि नै महाधिवेशन गरेर नेतृत्व चयन गर्नुपर्ने धारणा राखे।

सीतादेवी देवकोटा, अञ्जनी पोखरेलले विशेष महाधिवेशनको विरोध गरेका थिए। केन्द्रीय सदस्य गोविन्दराज पोखरेलले महाधिवेशनको मितिबारे मौनता साँधेर धारणा राखेका थिए। केन्द्रीय समितिको बैठक बिहीबार पनि बस्नेछ। केन्द्रीय समिति बैठक अझै दुई-तीनसम्म लम्बिने नेता जितजंग बस्नेतले जानकारी दिए। 'नेताहरूले बोल्ने क्रम सकिएको छैन। त्यही भएर अझै दुई-तीन दिन बैठक लम्बिन सक्छ,' उनले भने।



महाधिवेशनका लागि बढ्दो दबाब

कांग्रेसमा समयमै महाधिवेशन गर्न दबाब बढ्दो छ। मंगलबार विशेष महाधिवेशनका पक्षधरले नयाँबानेश्वरमा भेला गरी केन्द्रीय समिति बैठकले चाँडो निर्णय गर्न दबाब दिएका थिए। विशेष महाधिवेशनको माग गर्दै २४ सय ८८ जना महाधिवेशन प्रतिनिधिको हस्ताक्षर बुझाएको समूहले प्रतिनिधिको विचारको अवमूल्यन नगर्न चेतावनी दिएका थिए। भेलामा केन्द्रीय सदस्यहरू, काठमाडौं, ललितपुर, सिन्धुपाल्चोकका कांग्रेस सभापति, लुम्बिनी प्रदेशका सभापतिलगायतको उपस्थिति थियो। बिहीबार बत्तीसपुतलीस्थित अनुपम फुडल्यान्डमा समयमै महाधिवेशनका लागि दबाब दिन कांग्रेसको एक समूहले भेला आयोजना गरेको छ। 'समयमै महाधिवेशन गराउन भन्दै दबाब दिन भेला आयोजना गरेका हौं,' कांग्रेस बागलुङका सभापति जित शेरचनले भने।

● **फर्मुल्लाह मन्सुर**, सहमहामन्त्री



देशले, युवा पुस्ताले खोजेका महामन्त्री गगन थापालाई अबको महाधिवेशनबाट पार्टी सभापति बनाउँ, त्यसपछि उहाँलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेर निर्वाचनमा जाऊँ।

● **मदन अमात्य**, केन्द्रीय सदस्य



पार्टीमा विद्रोहलाई कसैले रोक्न सक्दैन। मंसिरमा महाधिवेशन गर्न तपाईंहरू किन डराउने ? हाम्रो महाधिवेशनबाट प्रचण्ड र ओली नेतृत्वमा आउने होइन, हाम्रै नेता आउने हो। किन डराउनुपर्ने ?

● **अब्दुल सत्तार**, केन्द्रीय सदस्य



महाधिवेशन गर्छु भन्ने महामन्त्रीलाई सघाउने कि रोक्ने हो ? महाधिवेशन गर्न सक्छु भनिरहेका महामन्त्रीलाई सघाउने पो हो त, हुँदैन भनेर रोक्न खोज्ने ?

प्रदेश सांसद र मन्त्रीका स्वकीय नहटाउने सर्वदलीय समझदारी



धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूबिच प्रदेश सांसद र मन्त्रीका स्वकीय सचिवालय कटौती नगर्ने समझदारी भएको छ। मुख्यमन्त्री कमलबहादुर शाहको अध्यक्षतामा बुधबार धनगढीमा बसेको सर्वदलीय बैठकले सांसदको स्वकीय सचिवको सुविधा खारेज नगर्ने र मन्त्रीको स्वकीय सचिवालय कटौती नगर्ने समझदारी गरेको हो।

'लिखितै त भएन, तर प्रदेश ऐनअनुसार सांसदलाई दिइँदै आएको स्वकीय सचिवको सुविधा खारेज नगर्ने र मन्त्रीका सचिवालय कटौती नगर्ने निष्कर्ष रह्यो,' बैठकमा सहभागी एक नेताले भने, 'दलीय समझदारीअनुसार प्रदेश सरकारले यसबारे निर्णय गर्ला।' संघीय सरकारले सांसदलाई दिइँदै आएको स्वकीय सचिवालयको सुविधा खारेज गर्ने, मन्त्रीका स्वकीय सचिवालय बढीमा तीन सदस्यीय रहने निर्णयसहित प्रदेशलाई परिपत्र गरेको थियो।

> खर्च कटौतीका सन्दर्भमा प्रदेश सांसद र मन्त्रीका स्वकीय सचिवालय खारेजी र कटौतीको निर्णयसहित संघीय सरकारले दिएको निर्देशन प्रदेशमाथिको हस्तक्षेप भन्दै प्रदेशहरूले असन्तुष्टि जनाउँदै आएका थिए।

सुदूरपश्चिम प्रदेश सभाका पदाधिकारी र सदस्यको सेवा-सुविधासम्बन्धी ऐनअनुसार प्रदेश सांसदले नासुस्तरको स्वकीय सचिवको सुविधा लिइरहेका छन्। संघको परिपत्रसहित त्यसलाई कार्यान्वयन गर्नु भनेर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पत्र पठाएपछि प्रदेश सभाले सांसदका स्वकीय सचिवको असोजदेखिको तलब रोकेको छ। बैठकमा दलका प्रतिनिधिले स्वकीय सचिवको तलब भुक्तानीका लागि मुख्यमन्त्रीको ध्यानाकर्षण गराएका थिए।

मन्त्रीका स्वकीय सचिवालय संख्या कटौती नगर्ने बरु स्वकीय सचिवालयमा रहेका मन्त्रीका परिवारका सदस्यलाई हटाए अरूलाई राख्ने अनौपचारिक समझदारी भएको बैठकमा सहभागी अर्का एक नेताले बताए। 'प्रदेशको ऐनमा रहेर स्वकीयको सुविधा दिइएको हो। त्यसलाई खारेज गर्ने निर्देशन दिएर संघले प्रदेशको अधिकारमाथि हस्तक्षेप गर्न मिल्दैन भन्नेमा सबैको एकमत थियो,' उनले भने। प्रदेशमा मन्त्रीका स्वकीय सचिवालय संख्या पाँच छ।

खर्च कटौतीका सन्दर्भमा प्रदेश सांसद र मन्त्रीका स्वकीय सचिवालय खारेजी र कटौतीको निर्णयसहित संघीय सरकारले दिएको निर्देशन प्रदेशमाथिको हस्तक्षेप भन्दै प्रदेशहरूले असन्तुष्टि जनाउँदै आएका थिए। प्रदेशको असन्तुष्टिपछि संघको अर्थ मन्त्रालयले प्रदेश सरकारका कामकारबाही प्रदेश कानुनअनुसार नै हुने उल्लेख गरेर मंगलबार पुनः परिपत्र गरेको छ।

संघीय अर्थ मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई थप स्पष्ट गरी मंगलबार पठाएको परिपत्रअनुसार प्रदेश सरकारका कामकारबाही प्रदेश ऐन-कानुनअनुसार गर्ने निर्णय बैठकले गरेको छ। प्रदेश सभा यथाशीघ्र सञ्चालन गर्ने निर्णय पनि बैठकले गरेको माओवादी संसदीय दलका उपनेता अक्कलबहादुर रावलले जानकारी दिए। जेन-जी आन्दोलनका क्रममा प्रदेश सभा भवनमा आगजनी भएपछि प्रदेश सभा बैठक बस्न सकेको छैन।

कांग्रेस संसदीय दलका प्रमुख सचेतक विक्रमसिंह धामीले प्रदेशको सुरक्षा संयन्त्रलाई मजबुत बनाउन सुरक्षासम्बन्धी २३ र २४ भदौभन्दा पहिले भएको व्यवस्था तत्काल कार्यान्वयन गर्न सरकारले निर्देशन दिने र थप आवश्यक सुरक्षासम्बन्धी व्यवस्था प्रदेश सुरक्षा समितिको निर्णयअनुसार गरिने निर्णय सर्वदलीय बैठकले गरेको जानकारी दिए। मन्त्री र सांसदका स्वकीय सचिवालय कटौतीको विषयमा पनि छलफल भएको उल्लेख गर्दै उनले यसबारे थप निर्णय प्रदेश सरकारले गर्ने बताए। बैठकमा सभामुख भीमबहादुर भण्डारी, पूर्वमुख्यमन्त्री एवं एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावल, माओवादी दलका उपनेता रावल, कांग्रेस प्रमुख सचेतक धामी, नागरिक उन्मुक्तिको संसदीय दलका नेता घनश्याम चौधरी, राप्रपाका सांसद खिमादेवी विष्टलगायत सहभागी थिए।

संक्षेप

दुई विदेशीको शव निकालियो, तीन आरोही अझै बेपत्ता

मकवानपुर/ यलुङ री हिमाल आरोहणका क्रममा हिमपहिरोमा परेकामध्ये थप दुई विदेशी आरोहीको शव फेला परेको छ। दोलखाका प्रहरी प्रमुख डिएसपी ज्ञानकुमार महतोका अनुसार बुधबार इटालीका पाउलो कोको र फ्रान्सका क्रिस्चियन आन्द्रे मनफ्रेडीको शव हिमपहिरोबाट निकालिएको हो। यसअघि मंगलबार नेपाली पथप्रदर्शक सोलुखुम्बुको माप्यदुधकोशी गाउँपालिका- ५ का मेरे कार्की र दोलखाको गौरीशंकर गाउँपालिका- ९ का पदम तामाङको शव फेला परेको थियो। ती दुवैजना आरोहण टोलीसँग गाइडका रूपमा संलग्न थिए। सोमबार बिहान आरोहणका क्रममा हिमपहिरोमा उनीहरू पुरिएका थिए। हिमपहिरोमा परेर विदेशी आरोहीहरू इटालीका मार्कस किचर्लर, जर्मनीका ज्याकोब स्राइवर र क्यानडाका मार्को डी मार्सेलो अझै बेपत्ता रहेको डिएसपी महतोले बताए। हिमपहिरो गएको क्षेत्रमा उनीहरूको शव खोजी भइरहेको जनाइएको छ। महतोका अनुसार नेपाल राष्ट्रिय पर्वतीय पथप्रदर्शक संघले बुधबार बिहान चार सदस्यीय खोज तथा उद्धार टोली यलुङ री पठाएको थियो।

मधेशका मुख्यमन्त्रीले २२ कात्तिकमा विश्वासको मत लिने

जनकपुरधाम/ मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनार (सोनल)ले २२ कात्तिकमा विश्वासको मत लिने भएका छन्। उनले बुधबार प्रदेश सभा सचिवालयमा विश्वासको मतसम्बन्धी पत्र दर्ता गरेका छन्। सत्ता गठबन्धन दल लोकतान्त्रिक समाजवादी पार्टी संसदीय दलका नेता जयनुल राइन, जनमत पार्टीका संसदीय दलका नेता तथा विनाविभागीय मन्त्री महेशप्रसाद यादवसहित प्रदेश सभा सचिवालय पुगेर पत्र दर्ता गरेका हुन्। जनता समाजवादी पार्टी (१९), जनमत (१३), माओवादी (९), लोसपा (८), एकीकृत समाजवादी (७), संघीय समाजवादी पार्टी (१) र नागरिक उन्मुक्ति पार्टी (१) गरी ५८ जना प्रदेश सभा सदस्य सत्तापक्षसँग छन्। पाँच दलको समर्थनमा मुख्यमन्त्री बनेका सोनललाई पछिल्लो समयमा नागरिक उन्मुक्ति पार्टी र संघीय समाजवादी पार्टीसमेतले समर्थन जनाएका छन्। २९ असोजमा मुख्यमन्त्रीमा नियुक्त मुख्यमन्त्री सोनल ३० दिनभित्र विश्वासको मत लिनुपर्ने प्रावधानअनुरूप विश्वासको मत लिन लागेका हुन्।

१२ हजारभन्दा बढी श्रद्धालुले गरे सामूहिक स्नान

कपिलवस्तु/ कात्तिक शुक्ल पूर्णिमाका अवसरमा बुधबार कपिलवस्तुको वाणगंगा नदीको रामघाटमा हजारौं श्रद्धालुले सामूहिक स्नान गरेका छन्। रामघाट, लक्ष्मणघाट, वर्गदीघाट, कजराहवा, हदौना, सन्तघाट र सीताघाटमा जम्मा भएर १२ हजारभन्दा बढी श्रद्धालुले सामूहिक स्नान गरेका थिए। रामघाटमा यो पुरानो मेलाका रूपमा परिचित छ। व्यवस्थापन समितिले यस वर्ष विगतमा भन्दा बढी श्रद्धालु आएको जनाएको छ। मेलामा भारतको सोहरतगढ, तुलसीपुर, अलीगढवालगायत स्थानका साथै दाङ, रुपन्देही, अर्घाखाँची र आसपासका जिल्लाका मानिस आएका थिए। धार्मिक विश्वासअनुसार कात्तिक शुक्ल पूर्णिमाका दिन नदीमा स्नान गरी पूजा गरेपछि पाप नाश भएर पुण्य फल प्राप्त हुनेछ। मेलामा सयौं भक्तजनले पूजापाठ, गौपूजा र दान-धर्मसमेत गरेका छन्।



लुटिएकामध्ये ७५० थान हतियार बरामद

२०० थान हतियार जलेको अवस्थामा फेला

नयाँ पत्रिका

प्रहरीले जेन-जी आन्दोलनका क्रममा लुटिएकामध्ये हालसम्म साढे सात सय थान हतियार बरामद गरेको छ। आन्दोलनका वेला प्रदर्शनकारीले मुलुकभरबाट प्रहरीको झन्डै एक हजार पाँच सय थान हतियार लुटेका थिए।

प्रहरीका अनुसार लुटिएकामध्ये दुई सय थान हतियार जलेको अवस्थामा फेला परेका छन्। बाँकी ५५० थान हतियार अझै फेला पर्न सकेका छैनन्। लुटिएका हतियार प्रतिनिधिसभाको निर्वाचनअगावै बरामद गर्न गृह मन्त्रालयले नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई विशेष अपरेसन सञ्चालन गर्न निर्देशन दिएको छ। त्यसलगतै गृहमातहतको दुवै सुरक्षा निकायले हतियार खोजी कार्यलाई तीव्रता दिएका छन्। तर, लुटिएका हतियार अझै फेला पर्न सकेका छैनन्।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी अविनारायण काफ्लेले लुटिएकामध्ये साढे सात सय हतियार बरामद भएको र बाँकीको खोजी कार्य तीव्र पारिएको बताए। 'आन्दोलनका क्रममा प्रहरीका १५ सय हतियार लुटिए। हालसम्म साढे सात सय थान हतियार बरामद भइसकेका छन्। केही जलेको अवस्थामा फेला परेका छन्। बाँकी हतियारको खोजी कार्य जारी छ। बरामद हुनेक्रम पनि जारी नै छ,' उनले भने।



प्रहरीका अनुसार काठमाडौं उपत्यकाबाट मात्रै प्रहरीको झन्डै आठ सय थान हतियार लुटिएका थिए। त्यसमध्ये पाँच सय थान हतियार भने बरामद भइसकेको प्रहरीको भनाइ छ। बाँकी हतियारको खोजी कार्य जारी छ। लुटिएकामध्ये केही हतियार बिक्रीसमेत भएका छन्। सोही क्रममा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले बुधबार तारकेश्वर नगरपालिका-११ बाट लुटिएका तीन थान हतियार बरामद गरेको छ। घटनामा संलग्न कैलाली टीकापुरका शिवराज धमलालाई पनि पक्राउ गरेको छ। घटनामा संलग्न भारत सीतामढीका २४ वर्षीय अकबर खान, काठमाडौं महानगरपालिका- १५ का २५ वर्षीय राजन देउला, धादिङ धुनीबेंसी नगरपालिकाका २१ वर्षीय कृष्ण गुरुङ, काठमाडौं बिजेश्वरीका २६ वर्षीय सुमिन शाक्य पक्राउ परेपछि यो तथ्य खुलेको थियो।

प्रहरीका अनुसार उनीहरूले लुटिएका हतियार नयाँ बानेश्वरका ३८ वर्षीय प्रभात मल्ललाई पाँच लाख रुपैयाँमा बेचेका थिए। खरिदमा संलग्न मल्ललाई पनि प्रहरीले पक्राउ गरेको छ। उनीहरूले आन्दोलनका क्रममा प्रहरीको पेस्तोल, सोको म्यागाजिन र १५ राउन्ड गोली लुटेका थिए।

पोखरा सहकारी ठगी आरोपमा अध्यक्षसहित आठजना पक्राउ

कास्की/ पोखरा बचत तथा ऋण सहकारी संस्थाको रकम हिनामिना गरेको आरोपमा अध्यक्षसहित आठजना पक्राउ परेका छन्। प्रहरीले सहकारीका अध्यक्ष सुरेन्द्रबहादुर गोदारसहित आठजनालाई ८८ करोड ७० लाख ९८ हजार ९६२ रुपैयाँ ठगी एवं हिनामिना गरेको आरोपमा पक्राउ बुधबार पक्राउ गरेको हो। पक्राउ पर्नेमा अध्यक्ष गोदारसहित उपाध्यक्ष शम्भुराज बास्तोला, सचिव दिलबहादुर केसी, कोषाध्यक्ष एवं ऋण संयोजक हिरामणि दाहाल, व्यवस्थापक भीष्मप्रसाद गुरुङ, सञ्चालक समिति सदस्य दोर्जे तामाङ, सञ्चालक समितिका पूर्वसचिव इन्द्रप्रसाद द्वा र सहकारीका बजार प्रमुख एवं सुपरभाइजर बेदीप्रसाद सुवेदी रहेको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी हरिबहादुर बस्नेतले जानकारी दिए। प्रहरीले जरुरी पक्राउ पुर्जीका आधारमा उनीहरूलाई पक्राउ गरेको हो। ६ भदौ ०७८ मा गोदारको नेतृत्वमा सञ्चालक समिति निर्वाचित भएको थियो। त्यसअघि आसबहादुर गुरुङ, फणीन्द्रराज शर्मा, विजय महर्जन अध्यक्ष भएका थिए।

सहकारीका पदाधिकारीलाई पक्राउ गर्नुअघि सहकारी रजिस्ट्रारको कार्यालय गण्डकीले एक समिति बनाएर सहकारीको वित्तीय अवस्थाबारे अध्ययन एवं छानबिन गरेको थियो। छानबिनपछि तयार प्रतिवेदनअनुसार सहकारीमा अनियमित तरिकाले रकम ठगी एवं हिनामिना भएको भेटिएपछि सहकारी रजिस्ट्रारको कार्यालयले उनीहरूलाई कारबाही गर्न बुधबार वित्तीय विश्लेषण प्रतिवेदनसहित जिल्ला प्रहरी कार्यालय कास्कीलाई पत्राचार गरेको थियो। सोही पत्रका आधारमा उनीहरूलाई पक्राउ गरिएको हो। ०५९ मा स्थापना भएको सहकारीको पोखरा महानगरपालिका-९, नयाँबजारमा प्रधान कार्यालयसँगै पोखरा- १०, अमरसिंह चोक र पोखरा- ८, सिर्जनाचोकमा सेवाकेन्द्र सञ्चालनमा छन्।

जेन-जी आन्दोलनमा क्षतिग्रस्त ललितपुर प्रहरीका १९ वटा भवन स्थानीयकै सहयोगमा तयार

■ हराएका २१ हतियारमध्ये १५ थान जलेको भेटियो

जेन-जी आन्दोलनका क्रममा ललितपुरबाट २१ थान हतियार हराएको थियो। जसमध्ये १५ थान हतियार जलेको, तीन थान हतियार भेटिएको र तीन थान हतियार फेला नपरेको प्रहरीले जनाएको छ। हाल जिल्ला प्रहरीपरिसरमा जेन-जी आन्दोलनसँग सम्बन्धित विषयका मुद्दा बढेका छन्। 'अहिले हामीले आपराधिक घटना रोक्न विभिन्न एप्स बनाउने र त्यसबाट मनिटरिङ गर्ने कार्य गरिरहेका छौं,' एसएसपी बोगटीले भने, 'दक्षिण ललितपुरमा पर्ने तीनवटा गाउँपालिकाको सुरक्षामा प्रहरी गस्ती पठाउने र जनताको माग र समस्याका आधारमा प्रहरी परिचालन गरेका छौं।' उनका अनुसार पछिल्लो समय अनलाइन फिसिङ अर्थात् चिट्ठा पन्यो भनेर ठगी गर्ने क्रम बढेको छ। ललितपुर प्रहरीमा पनि यससम्बन्धी उजुरबाजुर गर्नेको संख्या बढेकाले अनलाइन तथा सामाजिक सञ्जाल प्रयोग गर्दा सचेत हुनुपर्ने एसएसपी बोगटीले सुझाए। हाल प्रहरी परिसरले मुद्दाको संख्या घटाउने गरी काम गरिरहेको छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

जेन-जी आन्दोलनका क्रममा तोडफोड र आगजनीबाट क्षतिग्रस्त पारिएका ललितपुरका २१ प्रहरी युनिटमध्ये १९ वटाको पुनर्निर्माण गरिएको छ। स्थानीयको प्रत्यक्ष सहयोगमा ती युनिटहरूको पुनर्निर्माण भएको हो। प्रहरी कार्यालयहरू पहिलेको भन्दा थप व्यवस्थित र भव्य रूपमा निर्माण भएको जिल्ला प्रहरी परिसर ललितपुरका एसएसपी होबीन्द्र बोगटीले बताए। उनका अनुसार हाल सबै युनिटबाट प्रहरीले सेवा दिन थालिसकेको छ।

एसएसपी बोगटीले जेन-जी आन्दोलनमा ललितपुरका २१ वटा प्रहरी युनिट पूर्ण रूपमा क्षतविक्षत भएको बताए। तीमध्ये प्रहरी प्रभाग इमाडोल र प्रहरी प्रभाग बाडेगाउँबाहेक अन्य प्रहरी युनिट तयार भएर प्रहरी नियमित ड्युटीमा खटिएका छन्। स्थानीयवासीको झन्डै ५० लाख सहयोगमा सातदोबाटो वृत्तको भवन पुनर्निर्माण सकिने क्रममा छ। भैंसेपाटी प्रहरी प्रभागको भवन पनि चिटिक्क पारिएको छ। स्थानीयकै सहयोगमा चापागाउँ वृत्तको भवन पुनर्निर्माण गरी रङरागन सकिएको छ। पुल्चोक प्रहरी प्रभागको भवनको स्वरूप पुरानै अवस्थामा फर्केको छ। सबै गरी, १९ वटा प्रहरी युनिट व्यवस्थित बनेको परिसरले जनाएको छ।

प्रहरी प्रभाग बाँडेगाउँ र इमाडोल भने अस्थायी रूपमा सञ्चालन भइरहेको छ। बाँडेगाउँ प्रहरी प्रभागको तीनतले भवन निर्माणका लागि स्थानीयको आर्थिक सहयोगसहित समिति गठनसमेत भएको छ। इमाडोल प्रभाग भवन पनि महालक्ष्मी नगरपालिकाले बनाउने निर्णय गरेको एसएसपी बोगटीले बताए।

'जेन-जी आन्दोलनमा क्षतिग्रस्त भएका जिल्लाका प्रहरी युनिटहरू स्थानीयवासीको सहयोगमा पहिलेभन्दा झन् व्यवस्थित बनेका छन्। जेन-जी आन्दोलनयता जनता र प्रहरीको आत्मीयता अझ बढेको मैले महसुस गरेको छु,' उनले भने, 'प्रहरी एउटा मेकानिजम रहेछ, जो विनाहामी समाजमा सुरक्षित रहन सक्दैनौं भन्ने महसुस जेन-जी आन्दोलनपछि आमसर्वसाधारणले गर्नुभयो। स्थानीयवासी र प्रहरीको सम्बन्ध प्रगाढ भएको एउटा प्रमाण के हो भने प्रहरीको युनिट तथा भवन निर्माणमा स्थानीयले ठुलो लगानी गर्नुभयो।'



भैंसेपाटी प्रहरी प्रभागको नयाँ भवन।

● एसएसपी **होवीन्द्र बोगटी**



जेन-जी आन्दोलनमा क्षतिग्रस्त भएका जिल्लाका प्रहरी युनिटहरू स्थानीयवासीको सहयोगमा पहिलेभन्दा झन् व्यवस्थित बनेका छन्। जेन-जी आन्दोलनयता जनता र प्रहरीको आत्मीयता अझ बढेको मैले महसुस गरेको छु।

बोगटीले ललितपुरको भैंसेपाटी प्रहरी प्रभाग स्थानीयले पहिलेभन्दा अहिले भव्य बनाइदिएको बताए। 'अन्य प्रहरी कार्यालय निर्माणमा पनि स्थानीयवासीले आफैं सामेल भएर प्रहरीको संरचना निर्माण गर्नुभयो, यसले उहाँहरूलाई प्रहरी हाम्रो र प्रहरीको संरचना पनि आफ्नो भन्ने महसुस गर्नुभएको छ,' उनले भने।

एक महिनामा अभियुक्तबाट १० लाख असुली

१२ असोजदेखि १५ कात्तिकसम्म परिसरले चालू मुद्दाका फरार प्रतिवादी १० जना पक्राउ परेको एसएसपी बोगटीले बताए। फरार रहेका १५ अभियुक्तलाई पक्राउ गरी अदालत बुझाइएको छ। यस अवधिमा विभिन्न अभियुक्तहरूबाट १० लाख ८० हजार सात सय रुपैयाँ जरिवाना असुली भएको छ। सोही अवधिमा ३२ वटा निवेदन दर्ता भएका छन्। त्यसमा मुद्दाको प्रकार हेर्ने अधि बढाउने र मिलापत्र गरिएको छ। पछिल्लो एक महिनामा मात्रै ललितपुरमा ३५ जना मानिस हराएको सूचना प्राप्त भएकोमा २२ जना फेला परेको र १२ जना अझै नभेटिएको प्रहरीले जनाएको छ।

प्रहरीपरिसरले जेन-जी आन्दोलनका क्रममा नयाँ बानेश्वरको वाणिज्य बैंक लुटपाट गर्ने शिवकुमार विकलाई पक्राउ गरी जिल्ला प्रहरीपरिसर काठमाडौंलाई बुझाएको छ। विकको साथबाट उपत्यका प्रहरी कार्यालय रानीपोखरीबाट चोरी गरेको पेस्तोलसमेत भेटिएको थियो।

सामाजिक सञ्जाल र भ्रामक सूचनाको बाढी

खतरा र नकारात्मक सूचनामा मानिसको ध्यान छिटो जाने हुँदा एल्गोरिदमले पनि सत्यभन्दा गलत सूचनालाई प्राथमिकता दिन्छ



● वाइपी आचार्य

अग्रलेख

मानिसका विचार तथा व्यवहार निर्माणमा सामाजिक सञ्जाल प्रमुख माध्यम बनेको छ। यतिवेला संसारका बहुसंख्यक मानिसलाई सञ्जालले निकै व्यस्त बनाएको पनि छ। तर, सञ्जालको एल्गोरिदमले कुराकानीलाई हाइज्याक गर्न सक्ने, सूचनालाई अस्वाभाविक हेरफेर गरी प्रयोगकर्ताको निर्णय प्रकृयालाई समेत प्रभावित गर्न सक्ने हुँदा निकै आलोचित पनि हुँदै आएको छ। खासगरी, भ्रामक सूचनाको प्रसारका कारण राजनीतिक तथा सामाजिक क्षेत्रमा भएका उथलपुथलले यसको उपयोगप्रति गम्भीर बहस हुनुपर्ने देखिन्छ।

एल्गोरिदम र मनोविज्ञानको सम्बन्ध : सामाजिक सञ्जालका एल्गोरिदम मानिसको मनोविज्ञानका आधारमा निर्माण गरिएका हुन्छन्। अधिक मानिसलाई अधिकतम रूपमा सञ्जालमा व्यस्त गराउने मुख्य व्यापारिक उद्देश्यका साथ एल्गोरिदम डिजाइन गरिएको हुन्छ। अहिलेको युगको बिजनेस मोडेल नै ध्यानको अर्थतन्त्र हो। अर्थात्, जहाँ मानिसको ध्यानलाई मूल्यवान् स्रोत मानेर त्यसलाई आकर्षित गर्न र उपयोग गर्न प्रतिस्पर्धा गरिन्छ। एल्गोरिदमले व्यक्तिका हरेक गतिविधिको रेकर्ड लिन्छ। तिनीहरूलाई सूक्ष्म रूपले विश्लेषण गर्छ। पूर्ववत् क्रियाकलापका आधारमा व्यक्तिका रुचि, संवेग, छनोट, सम्बन्ध आदिलाई गहिरो गरी विश्लेषण गर्छ। मनोवैज्ञानिक धरातल पत्ता लगाउँछ। जुन कुराले त्यो व्यक्तिको ध्यान आफूतर्फ खिच्न र टिकाउन सघाउँछ, त्यसैलाई प्रयोग गर्छ। अर्थात्, जुन कन्टेन्टले त्यो व्यक्तिलाई सन्तुष्ट वा आकर्षित गर्छ, त्यस्तै सूचना दिन थाल्छ। अनि व्यक्ति त्यसैमा रमाउन थाल्छ।

त्यसैगरी, एल्गोरिदममा इको चेम्बर्स र बबल फिल्टरको डिजाइन पनि हुन्छ, जसले गर्दा एउटै विचार, विश्वास र मत मात्रै दोहोऱ्याएर पठाउने गर्छ। रुचि र अघिल्लो गतिविधिका आधारमा फरक विचार लुकाएर केवल मनपर्ने सामग्री मात्रै देखाउने गर्छ। जस्तै- कसैले आक्रामक भाषण सुन्ने गरेको छ भने एल्गोरिदमले खोजी-खोजी त्यस्तै भिडियो पठाउँछ। शान्त र सन्तुलित भाषण लुकाउँछ। जब व्यक्ति कुनै अतिवादी कन्टेन्टसँग बढी सम्पर्कमा आउँछ, एल्गोरिदमले त्यस्तै सूचना मात्रै दिँदै जान्छ। अनि, उसलाई सबैले यस्तै सोच्छन् भन्ने लाग्न थाल्छ। यसको अर्को डिजाइन भनेको व्यस्तताको गति, अर्थात् कुनै विषयमा जति छिटो लाइक, कमेन्ट र सेयर गरिन्छ, त्यति छिटो फैलिन्छ। जुन कन्टेन्टले छिटो धेरैको ध्यान खिच्न सक्छ, त्यसलाई एल्गोरिदमले महत्त्व दिन्छ र 'अटो बुस्ट' गर्दै जान्छ।

उद्विकासीय हिसाबले पनि खतरा र नकारात्मक जानकारीतर्फ छिटो ध्यान जाने गरी मानिसको मस्तिष्क विकसित भएको हुन्छ। किनभने, बाँच्नका लागि त्यो अत्यन्तै आवश्यक थियो। खतरा र नकारात्मक सूचनामा छिटो ध्यान जाने हुँदा एल्गोरिदमले पनि सत्यभन्दा गलत सूचनालाई प्राथमिकता दिन्छ। एमआइटीले सन् २०१८ मा गरेको अनुसन्धानले सत्यभन्दा भ्रामक सूचना ६ गुना छिटो फैलन्छ भन्ने देखाएको छ। इतिहासविद् युवल नोवा हरारीले लोभ, डर र घृणा जगाउने सूचनाले मानिसको ध्यान छिटो खिच्छ भनेका छन्। तथ्य नजाँची व्यस्तताको मात्रै मापन गर्ने हुँदा, आक्रामक र भ्रामक सूचनालाई एल्गोरिदमले प्रवर्द्धन गर्छ। 'रिकोमेन्ड' गर्छ, 'अटो प्ले' गर्छ र धेरै मानिससामु पुऱ्याउँछ।

हामीले ज्ञानेन्द्रियमार्फत सूचना प्राप्त गर्छौं। त्यो सूचना एउटा प्रक्रियाबाट उच्च संवेगात्मक कार्यहरू, जस्तै- निर्णय लिने, संवेग नियन्त्रण गर्ने मस्तिष्कका 'प्रिफ्रन्टल कर्टेक्स' र 'एन्टेरिअर कर्टेक्स'मा जान्छन्। मस्तिष्कमा एउटा 'एमिग्डेला' भन्ने भाग हुन्छ, जुन संवेदनात्मक सूचनाप्रति प्रतिक्रियात्मक देखिन्छ। यसले रिस, आवेग र उत्तेजनायुक्त सूचनाप्रति प्रतिक्रियात्मक व्यवहार गर्न निर्देशन दिन्छ। जब यो भाग आवेगप्रेरित सूचनासँग बढी एक्स्पोजर हुँदै जान्छ, तब यसले यस्ता सूचनालाई थप बुझाइका लागि अगाडि नबढाएर आफैँले भाग्न वा लड्नका लागि निर्देशित गर्छ। परिणामस्वरूप मानिसले कुनै उत्तेजनाप्रति आक्रामक व्यवहार गर्दै जान्छ। यस्तो अवस्थालाई 'एमिग्डेला हाइज्याक' भनिन्छ। सञ्जालका भ्रामक सूचनाले मानिसको एमिग्डेला हाइज्याक गर्न प्रेरित गर्छ, जहाँ विवेक वा समालोचना कमजोर हुन्छ।

सञ्जालका भ्रामक सूचनाले रुसको इन्टरनेट रिसर्च एजेन्सीका माध्यमबाट सन् २०१६ को अमेरिकी राष्ट्रपतिको चुनावमा व्यापक प्रभाव पारेको तथ्य मुलर तृतीयको रिपोर्ट, २०१९ ले प्रस्ट पार्छ। जहाँ रुसी सरकारको सहयोगमा उक्त संस्थाले डेमोक्रेटिक उम्मेद्वार हिलारी क्लिन्टनको 'क्याम्पेन'का इमेल र अन्य सूचना 'ह्याक' गरी उनलाई कमजोर बनाउने र ती सूचना ट्रम्पको क्याम्पेनलाई सहयोग गर्ने गरी प्रसार गरेको देखियो। हिलारी क्लिन्टनको उनले विदेशमन्त्री हुँदा प्रयोग गरेको इमेल ह्याक गरी उल्टो उनले सूचना बाहिर पठाएको भनी भ्रमपूर्ण जानकारी प्रसारित गरेर जनमत भड्काइयो। त्यो तथ्यहीन थियो भन्ने पछि प्रमाणित भयो। तर, त्यतिन्जेल नतिजा उल्टिसकेको थियो। त्यसपछिको सामाजिक सञ्जालको युगलाई 'पोस्ट ट्रुथ' युग पनि भनेर चिनिन्छ।

त्यसैगरी, सन् २०१६-२०१७ मा म्यानमारमा त्यहाँका अल्पसंख्यक रोहिंग्या समुदायविरुद्ध केही बौद्ध अतिवादी समूहले सुरुमा आक्रामक भिडियो बनाई फेसबुकमा राखे। त्यो छिटो फैलियो। बौद्ध समुदायलाई आक्रामक बनाइयो। रोहिंग्यामाथि आक्रमण सुरु भयो। सात हजारभन्दा बढीको मृत्यु भयो, लाखौँ विस्थापित भए। पछि अध्ययन हुँदा संयुक्त राष्ट्र संघको 'फ्याक्ट फाइन्डिङ मिसन'ले त्यस घटनाका पछाडि फेसबुकको एल्गोरिदमले घृणित सूचना फैलाउन सघाएको निष्कर्ष निकाल्यो। फेसबुक आफैँले पनि आन्तरिक अनुसन्धान गरी त्यो घटनामा ७० प्रतिशत भिडियो 'अटो प्ले' भएको भेट्टायो। त्यस्तै बंगलादेश र श्रीलंकाका हिंसात्मक घटना सामाजिक सञ्जालको एल्गोरिदमकै कारण भड्किएको प्रमाणित भइसकेको छ। यी घटनाले एल्गोरिदमले अतिवादी र भ्रामक सूचनालाई बढावा दिन्छ भन्ने पुष्टि गर्छ। नेपालको जेन-जी आन्दोलनमा भएका हिंसाको एउटा प्रमुख कारण सामाजिक सञ्जालको एल्गोरिदम थियो भन्न सकिन्छ। जब समाजका निम्न तीन अवस्थासँग सामाजिक सञ्जालको मिलान हुन्छ, तब भ्रामक सूचनाले समाजमा गहिरो प्रभाव पार्छ।

कमजोर डिजिटल साक्षरता : सुरजातमोर्गोलगायतको २०२४ को रिभ्यु अनुसन्धानले ७० प्रतिशत अनुसन्धानले कमजोर डिजिटल साक्षरता भएको समाजमा सामाजिक सञ्जालबाट भ्रामक सूचना फैलने देखाएका छन्। नेपालजस्तो डिजिटल साक्षरता र समालोचनात्मक चेतनाको अवस्था कमजोर भएको देशमा सामाजिक सञ्जाल भ्रामक सूचना फैलाउने मुख्य माध्यम बन्नु अनौठो होइन। अझ भोसोघ्हीलगायतको २०१८ को अनुसन्धानले ७० प्रतिशत सामाजिक सञ्जाल प्रयोगकर्तामा सत्य र गलत सूचना छुट्याउने सामर्थ्य नभएको देखाएको छ। जति बढी अशिक्षा त्यति नै बढी यस्तो सामर्थ्य कमजोर हुने हुँदा नेपालमा ठुलो जनसंख्याले भ्रामक सूचनाको बलमा आफ्नो विचार र व्यवहार निर्माण गर्ने गरेको देखिनु सोचनीय विषय हो।

> कमजोर डिजिटल साक्षरता भएको समाजमा सामाजिक सञ्जालबाट भ्रामक सूचना फैलने हुनाले नेपालजस्तो डिजिटल साक्षरता र समालोचनात्मक चेत कमजोर भएको देशमा सामाजिक सञ्जाल भ्रामक सूचना फैलाउने मुख्य माध्यम बनिरहेका छन्

राजनीतिक तथा सामाजिक ध्रुवीकरण : राजनीतिक तथा सामाजिक ध्रुवीकरण बढी भएको समाजमा सामाजिक सञ्जालबाट भ्रामक सूचना फैलाउने सम्भावना अत्यधिक हुने अनुसन्धानले देखाउँछन्। सुरजातमोर्गोलगायतको अनुसन्धानले ६७ प्रतिशत भ्रामक र गलत सूचनाका आधारमा दलहरूले चुनावमा मतदाताको विचारलाई प्रभावित गर्ने गरेको देखाएको छ। नेपालमा बहुसंख्यक मानिसमा राजनीतिक तटस्थताभन्दा आबद्धता बढी छ। वैचारिकभन्दा बढी दलगत ध्रुवीकरण छ, जहाँ कुनै दलले अरू दलको घृणा गरी जनतालाई आफ्नो ध्रुवमा पार्ने र व्यक्ति पनि आफ्नो आबद्धताको पुष्टि गर्न त्यही खेलमा लाग्ने हुन्छ। अझ प्रियतावादी सस्ता कुराले मानिसलाई छिटो प्रभावित गर्छ। समाजमा बहुसंख्यामा रहेका मानिसका अति सतही तथा अन्धविश्वासका जगमा निर्मित चेतना सतहमा आउने र अल्पसंख्यकको आवाजलाई दबाउने काममा सञ्जालको एल्गोरिदमले सघाएको हुन्छ। यसो हुँदा सञ्जालका सूचना र मत समाजको वास्तविक प्रतिनिधिमूलक आवाज नभएर निश्चित कुलीनहरूको स्वार्थ, लोभ र आवेगप्रेरित दूषित सूचना हुन सक्छन्।

राज्य र संस्थाप्रतिको विश्वासमा कमी : जुन देशमा जनताको विश्वास राज्यसत्ता वा संस्थाप्रति कम हुन्छ, त्यहाँ भ्रामक सूचना फैलाउने सम्भावना बढी हुन्छ। अनुसन्धानको रिभ्युअनुसार सञ्जालबाट प्रेषित भ्रामक सूचनाका कारण ७३ प्रतिशतले राज्य र संस्थाप्रतिको जनविश्वास कमजोर भएको देखाएका छन्। अहिले नेपालमा पनि राज्य संयन्त्र वा संस्थालाई कमजोर बनाउने गरी भ्रामक सूचनाले गहिरो प्रभाव पारेका छन्। जेन-जी आन्दोलनपछि संस्थागत विश्वास झन् कमजोर हुँदै गएको छ। एकातिर संस्थाप्रतिको कमजोर जनविश्वासका कारण गलत सूचना फैलिएका छन् भने अर्कातिर भ्रामक सूचनाका कारण संस्था कमजोर हुँदै गएका छन्।

समालोचनात्मक चेतको ह्रास र चुपको संस्कृति : समालोचना भनेको विरोध, समर्थन वा दुवैको मिश्रण मात्रै होइन, बरु घटनालाई द्वन्द्वात्मक रूपमा हेर्नु हो। अथवा, कुनै घटना वा परिणामका कारण हुन्छन्, ती कारण तात्कालिक मात्रै नभएर मूलतः ऐतिहासिक हुन्छन्। घटनाका परिणाम सामान्य आँखाले पनि देख्न सकिन्छ। तर, त्यसको ऐतिहासिक कारक बुझ्न समालोचनात्मक चेत चाहिन्छ। यसका लागि गहन अध्ययनका साथै धैर्य र बहुकोणबाट विश्लेषण चाहिन्छ। सूचनाको बाढी र गलत सूचनाको बलमा विकसित भएको सतही बुझाइ, र सामाजिक सञ्लाजको अति प्रयोगको कारण 'एमिग्डेला हाइज्याक' भई आवेगप्रेरित तीव्र प्रतिक्रियात्मक बन्ने भएपछि मानिसमा समालोचनात्मक चेत कुण्ठित हुँदै जान्छ। समाजका बहुसंख्यक मानिसमा समालोचनात्मक चेतभन्दा सीधै विश्वास गर्ने प्रवृत्ति हुन्छ। किनकि, विश्वास गर्न सजिलो हुन्छ, सत्य बुझ्न गाह्रो हुन्छ। त्यसैले धेरै मानिसले सजिलो बाटो रोज्छन्।

अर्कातिर सत्यमा आधारित समालोचनात्मक चेतनामूलक सूचना किन कम आउँछन् वा किन बौद्धिकहरू चुप लाग्छन् सञ्जालमा भन्ने प्रश्न उठ्छ। यसो हुनुमा पहिलो सत्य सूचनाले मानिसको ध्यान कम खिच्ने हुँदा एल्गोरिदमले त्यस्ता सूचनालाई लुकाउँदै, कमजोर बनाउँदै जान्छ। दोस्रो, सत्य सूचनामा अतिवादी भ्रामक सूचनाको प्रहार भएपछि समालोचकहरू पछि हट्छन्। यहाँ व्यवहारवादी मनोविज्ञानले काम गर्छ। मतलब पुरस्कारले प्रतिक्रियाको दरलाई बढाउँछ भने दण्डले घटाउँछ। यहाँ सामाजिक सञ्जालका सकारात्मक 'कमेन्ट' पुरस्कार हुन्, जसले मानिसको प्रतिक्रियाको दर बढाउँछ। नकारात्मक कमेन्ट दण्ड हुन् जसले प्रतिक्रियाको दरलाई घटाउँछ। अब हाइहाइ पाएपछि सतही तर अतिवादी प्रतिक्रियाको दर बढ्ने र गाली खाएपछि समालोचनात्मक क्रिया वा प्रतिक्रियाको दर घट्ने हुन्छ। अथवा, चुप लाग्ने हुन्छ। जब सत्य चुप हुन्छ, तब अराजकता, अस्थिरता र तरलताले थप स्पेस लिन्छ। सामाजिक सञ्जाललाई समाज र राष्ट्रहितमा उपयोग गर्ने र सत्यको आवाज बुलन्द गर्ने गरी अगाडि बढाउन ढिला गर्नु हुँदैन।


(आचार्य त्रिविका उपप्राध्यापक हुन्)



---

३ प्रश्न

सर्वोच्च अदालतका पूर्वन्यायाधीश **बलराम केसी**लाई



वर्षौं कैद बसिसकेपछि कोही निर्दोष साबित हुनुले के संकेत गर्छ ?

यो हाम्रो फौजदारी न्याय प्रणालीमा भएको त्रुटिको परिणाम हो। हामीकहाँ माथिल्लो अदालतबाट पछि निर्णय भइहाल्छ भनेर हतारमा थुनामा पठाउने गरिनु यसको मुख्य कारण हो। विदेशतिर जापान, अमेरिकाजस्ता देशमा फौजदारी मुद्दामा तल्ला अदालतले गरेका फैसलामध्ये ९९ प्रतिशत मुद्दा माथिल्ला अदालतबाट सदर हुने गर्छन्। तर, हामीकहाँ भने अधिकांश मुद्दामा तलबाट सजाय तोकिए पनि माथिबाट उल्टिने गरेका छन्। निर्दोषले सजाय पाएको प्रमाणित भएको अवस्थामा उसलाई क्षतिपूर्ति दिनुपर्दा राज्यलाई अतिरिक्त आर्थिक भार पर्छ। न्याय प्रणालीमाथि जनताको विश्वास कमजोर हुन्छ।

हाम्रा अदालतहरूमा परेका मुद्दाको चापको परिणाम त होइन यो ?

हामीकहाँ असार मसान्तभित्र जसले बढी मुद्दाको फैसला गऱ्यो, उसैलाई उत्तम न्यायाधीश मान्ने चलन छ। तर, यो बिल्कुलै गलत 'ट्रेन्ड' हो। यसले गर्दा न्यायाधीशले हतारहतारमा फैसला गर्छन्। यस्तो अवस्थामा माथिको अदालतले पछि हेरिहाल्छ नि भनेर फैसला गर्दा कहिलेकाहीँ निर्दोषले सजाय पाउने गर्छन्। फेरि बहुचर्चित 'हाई प्रोफाइल' मुद्दामा आफू फसिने डरले पनि थुनामा पठाइदिने चलन छ। यसले गर्दा पनि निर्दोषहरू फस्न सक्छन्। हामीकहाँ जिल्लाले सजाय दिने, उच्चले सजाय सरल बनाउने र सर्वोच्चले फैसला उल्ट्याउने भन्ने सोच नै बनाएको पाइन्छ।

अदालतहरूमा मुद्दाको फैसलामा किन ढिलासुस्ती बढिरहेको होला ?


अदालतमा मुद्दा छिन्नमा भन्दा पनि फैसला लेखनमा ढिलासुस्ती छ। बढी संख्या देखाउन भटाभट मुद्दा छिनिदिने, तर फैसला त जहिले लेखे पनि भइहाल्यो नि भन्ने मानसिकताका कारण ढिलासुस्ती बढेको हो। यस्तो ढिलासुस्ती हटाउन एकजना न्यायाधीशलाई कम्तीमा चार-पाँचजना फैसला लेख्ने जनशक्ति दिन सक्नुपर्छ। अदालतका अनावश्यक बिदा कटौती गर्नुपर्छ र १० बजेदेखि ५ बजेसम्म खाजा समयबाहेक बेन्च बस्ने व्यवस्था मिलाउनुपर्छ।

प्रेरक प्रसंग

बाँदरका आमाछोरा

एक पोथी बाँदर आफ्नो बच्चाका साथमा एउटा रुखको हाँगामा बसिरहेकी थिई। बच्चाले भन्यो- आमा, मलाई भोक लाग्यो, के तपाईं मलाई खानयोग्य केही पात टिपेर दिन सक्नुहुन्छ ? आमा बाँदर हल्का मुस्कुराई र भनी- दिन त सक्छु, तर आफ्ना लागि तिमी आफैँले पात टिप्नु राम्रो हुन्छ। बच्चाले उदास हुँदै भन्यो- तर म त राम्रा पात चिन्दिनँ नि आमा ! आमाले भनी- तिमीसँग दुई विकल्प छन्। यो रुखलाई राम्ररी हेर। तिमीले चाहेमा तलका हाँगाबाट पुराना, छिप्पेका र कडा पात टिप्न सक्छौ। अथवा, माथिका मसिना हाँगाबाट ताजा, कलिला र नरम पात टिपेर खान सक्छौ।

बच्चाले भन्यो- यो ठिक विकल्प भएन आमा ! राम्रा, नरम र ताजा पात तलतलका हाँगामा किन पलाउँदैनन् ? आमा बाँदरले भनी- महत्त्वपूर्ण कुरा नै यही त हो। सबैको पहुँचमा त्यस्ता पात हुन्थे भने ती सबैका लागि कसरी उपलब्ध हुन्थे त ? पलाउन लाग्दानलाग्दै सबैले चुँडेर खाइहाल्थे नि ! बच्चाले चिन्तित हुँदै भन्यो- तर, यी मसिना हाँगामा चढ्नु खतरनाक साबित हुन सक्छ। मेरा गोडा चिप्लिन पनि सक्छन्। म तल खसेँ भने घाइते हुन पनि त सक्छु।



आमा बाँदरले भनी- सुन छोरा, जहिल्यै यो कुरालाई मनमा राख्नू, हामी आफ्नो दिमागमा खतराको जुन तस्बिर बनाउने गर्छौं, प्रायः खतरा त्योभन्दा निकै कम हुने गर्छ। बच्चाले फेरि प्रश्न गऱ्यो- त्यसो हो भने हाम्रा सबै साथी र आफन्तहरूले तिनै हाँगाबाट ताजा, कलिला र नरम पात टिपेर किन खाँदैनन् त ?आमा बाँदरले केही सोची र भनी- किनकि, अधिकांश बाँदरमा डराएरै बाँच्ने बानी परिसकेको हुन्छ। उनीहरूमा तिनै सडेगलेका, छिप्पेका, कडा पात खाएर त्यसैको गुनासो गर्ने बानी परिसकेको हुन्छ। उनीहरू खतरा मोलेरै भए पनि ताजा र नरम पात खाने कोसिस गर्दैनन्। तर, तिमी कहिल्यै यस्तो नगर्नू। यो जंगल अनेकौँ सम्भावनाले भरिएको छ। आफ्नो डरमाथि विजय हासिल गरेर तिमी जस्तो जिन्दगी बाँच्न चाहन्छौ, त्यसैगरी रमाएर बाँच। आमाको कुरा सुनेर आफूले के गर्नुपर्छ भन्ने बच्चाले बुझिसकेको थियो। उसले तत्काल आफ्नो डरलाई पछाडि छाडेर ताजा, नरम र कलिला पात टिपेर आफ्नो भोक मेटायो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

एकताको शुभकामना !


साना–ठुला सबै दलमा नेतृत्व 'कब्जा'को संघर्ष

यसरी हुँदै छ आज माओवादी-समाजवादी एकता सम्मेलन

महाधिवेशनबारे कांग्रेसमा दुई समूहका छुट्टाछुट्टै प्रस्ताव

कुनै पनि दल आपसमा जुट्नु देशको राजनीतिक स्वास्थ्यका लागि शुभ संकेत नै हो। त्यसैले, अहिले केही दल जुट्नु पनि पक्कै खुसीको कुरो हो। तर, दलका केही थान नेताको दलभित्रको पोजिसन बलियो बनाउने नियतले एकता गरिन्छ भने त्यो कदापि फलदायी हुन सक्दैन, उल्टो प्रत्युत्पादक नै साबित हुन सक्छ। खासगरी, कम्युनिस्ट पार्टीबिच हुने एकता या फुट प्रायः प्रत्युत्पादक नै साबित हुन पुगेका छन्। त्यसैले, यसपटकचाहिँ त्यस्तो नहोस्, शुभकामना छ।

● **बलराम नायक**, जनकपुरधाम, धनुषा

नेता-नेताको एकताले पाटी थप बलियो र सुदृढ हुन्छ भन्नेमा खासै विश्वास र भरोसा छैन। पार्टी बलियो, सुदृढ र सफल हुन नेतासँगै कार्यकर्ता, शुभेच्छुक, आमजनता र मतदाताको पनि एकता, सद्भाव र साथ चाहिन्छ। नेताको एकता र कार्यकर्ताको छरपस्तताले आगामी दिनमा कस्तो प्रभाव पार्ने हो, यसै भन्न सकिन्न। भविष्यमा जे भए पनि तत्कालका लागि यो एकता सफल होस्, शुभकामना !

● **रामशरण लामिछाने बस्नेत**

जेन-जी आन्दोलन केका लागि थियो ?

नेपालमा आन्दोलन धेरै भए। हरेक आन्दोलनले राजनीतिक परिवर्तन ल्याए। तर, जनताको अवस्थामा भने परिवर्तन आउन सकेन, जसका कारण जनता सधैँ निराश भए। हरेक आन्दोलनमा जनताले नेताको साथ दिए। तर, जनताको साथ नेताले कहिल्यै दिएनन्। नेता बनाउने जनतालाई नै नेताले धोका दिए। नामको मात्र परिवर्तनले केही अर्थ राख्दैन। परिवर्तन जनताले आभास गर्न पाउनुपऱ्यो। २३ गते भएको जेन-जी आन्दोलनको उद्देश्य के थियो ? अवस्था परिवर्तन हो कि व्यवस्था परिवर्तन ? भन्ने प्रश्न आज सर्वत्र उठिरहेको छ। अहिलेसम्मको स्थिति हेर्दा यो पनि उही ड्याङको मुला हो कि भन्ने देखिँदै छ। जेन-जीका नाममा धमिलो पानीमा माछा मार्नेहरू सल्बलाइरहेका छन्। सबै चनाखो बन्नुपऱ्यो।

जेन-जी भनेर अहिले फ्रन्ट लाइनमा देखिएकी रक्षा बमको भनाइअनुसार जेन-जीको आन्दोलनले व्यवस्था परिवर्तन गर्ला, तर जनताको अवस्था भने परिवर्तन गर्नेछैन। सुशासनका कुराले मात्र देशमा सुशासन आउने भए विगतमा बनेका हरेक सरकारले सुशासनको मन्त्र जप्ने गर्थे। तर, खोइ देशमा सुशासन आयो त ? हालकै अवस्थामा गरिने निर्वाचनले हिजोकोभन्दा फरक अवस्था आउन सक्दैन भन्ने लाग्छ। पुराना दल राजनीतिमा पोख्त छन्, उनीहरूलाई थाहा छ, निर्वाचन जित्न कुन अस्त्र प्रयोग गर्नुपर्छ। जनता भोकाएका छन्, भोको भेटले खाना माग्छ, आश्वसनले पेट भरिँदैन, यो कुरा जेन-जी अगुवाले पनि बुझ्नुपर्छ।

अहिलेकै अवस्थामा निर्वाचन गर्ने हो भने तिनै पुराना दलका पुराना नेताकै हालीमुहाली हुने पक्का छ, आन्दोलनको उद्देश्य के थियो-थिएन होइन, आन्दोलनपछि देश र जनताको अवस्था के छ भनेर सोच्नुपर्छ। निर्वाचन गर्नुपर्छ भन्दैमा निर्वाचनकै लागि निर्वाचन गर्नुको अर्थ छैन।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको सम्भावना र चुनौती

संविधानको मूल संरचना नै संसदीय भएकाले यसलाई परिवर्तन नगरी अहिले नै प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणाली लागू गर्नु सम्भव देखिँदैन



● प्रकाश न्यौपाने

नेपालमा पछिल्ला वर्षमा राजनीतिक अस्थिरता र बारम्बार सरकार परिवर्तनले नागरिकमा निराशा बढाएको छ। प्रत्येक केही वर्षमै प्रधानमन्त्री फेरिने र नीति निरन्तरता नहुने अवस्थाले सुशासन र स्थायित्वप्रति प्रश्न उठाएको छ। यस्तो पृष्ठभूमिमा 'प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री प्रणाली', अर्थात् जनताले सीधै प्रधानमन्त्री चुन्ने व्यवस्थाको चर्चा फेरि जीवित बनेको छ। तर, यस्तो प्रणाली नेपालको वर्तमान संविधान र राजनीतिक ढाँचाभित्र कत्तिको सम्भव छ भन्ने प्रश्न गम्भीर रूपमा उठिरहेको छ।

नेपालको संविधान २०७२ ले देशमा संघीय लोकतान्त्रिक गणतन्त्र र संसदीय शासन प्रणालीलाई नै मुख्य आधार बनाएको छ। संविधानको धारा ७४ ले स्पष्ट रूपमा नेपालको शासन प्रणाली संसदीय हुनेछ भनी व्यवस्था गरेको छ। कार्यपालिका संसद्बाट बन्छ र त्यसकै विश्वासमा चल्छ। यही व्यवस्था प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री प्रणालीको मूल अवरोध हो, किनभने त्यसमा प्रधानमन्त्री संसद्बाट होइन, जनताबाट सीधै चुनिन्छ। संविधानको धारा ७५ अनुसार संघीय कार्यपालिकाको प्रमुख प्रधानमन्त्री हुन्, जो प्रतिनिधिसभाका सदस्यबाट बहुमतका आधारमा चयन गरिन्छ। प्रधानमन्त्री बन्न संसद्को सदस्य हुन अनिवार्य हुन्छ, तर प्रत्यक्ष निर्वाचित प्रणालीमा प्रधानमन्त्री संसद्को सदस्य नहुन पनि सक्छ। यसैले, यो धारा संशोधन नगरी यस्तो प्रणाली लागू गर्न सम्भव छैन।

त्यसैगरी, संविधानको धारा ७६ ले प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रियाको व्यवस्था गरेको छ, जसअनुसार प्रधानमन्त्री संसद्को गणित र बहुमतमा निर्भर हुन्छन्। प्रत्यक्ष निर्वाचित प्रणालीमा भने प्रधानमन्त्री जनताबाट सीधै निर्वाचित हुने भएकाले यो प्रावधान पूर्ण रूपमा परिवर्तन गर्नुपर्छ। संविधानको धारा १०० अनुसार प्रधानमन्त्रीले संसद्को विश्वास लिनुपर्छ, र यदि विश्वास गुमे उनको पद समाप्त हुन्छ। यसले प्रधानमन्त्रीलाई संसद्प्रति उत्तरदायी बनाउँछ, तर प्रत्यक्ष निर्वाचित प्रणालीमा प्रधानमन्त्री जनताप्रति उत्तरदायी हुने भएकाले संसद्को विश्वास आवश्यक रहनेछैन, त्यसैले यो प्रावधान पनि असंगत बन्छ।

त्यस्तै, ऐ.ऐ. धाराको उप-धारा ४ ले संसद्लाई प्रधानमन्त्रीविरुद्ध अविश्वास प्रस्ताव ल्याउने अधिकार दिएको छ। यसले प्रधानमन्त्री संसद्को नियन्त्रणमा रहोस् भन्ने सुनिश्चित गर्छ। तर, प्रत्यक्ष निर्वाचित प्रणालीमा प्रधानमन्त्री जनताबाट सीधै निर्वाचित हुने भएकाले संसद्को यस्तो अविश्वास प्रस्ताव प्रभावहीन हुनेछ।

अन्ततः धारा २७४ ले संविधान संशोधनका लागि आवश्यक प्रक्रियाको व्यवस्था गरेको छ, जसमा संसद्को दुईतिहाइ बहुमत र सातै प्रदेश सभाको सहमति आवश्यक हुन्छ। त्यसैले, यस्तो प्रणाली लागू गर्न राजनीतिक रूपमा अत्यन्त कठिन र समयसाध्य प्रक्रिया हुनेछ।

प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री प्रणालीका केही सम्भावित फाइदा पनि छन्। यस्तो प्रणालीले दीर्घकालीन राजनीतिक स्थायित्व ल्याउन सक्छ, किनभने प्रधानमन्त्री निश्चित कार्यकालका लागि रहन्छन्। बारम्बार सरकार ढल्ने समस्या अन्त्य भई नीति र योजनाले निरन्तरता पाउन सक्छ। साथै, जनताले सीधै प्रधानमन्त्री छान्ने भएकाले नेतृत्व जनताप्रति बढी जवाफदेही हुन्छ र सरकारको वैधानिकता बलियो बन्छ। यसले निर्णय क्षमतामा पनि स्पष्टता ल्याउँछ, किनभने गठबन्धन र दलगत विवाद घट्न सक्छ। तर, यस प्रणालीसँग ठुला चुनौती पनि छन्। प्रधानमन्त्री सीधै जनताबाट निर्वाचित



भएपछि संसद्मा बहुमत नपाए शासन सञ्चालनमा द्वन्द्व उत्पन्न हुन सक्छ। यसले कार्यपालिका र विधायिकाबिच टकराव निम्त्याउन सक्छ। त्यस्तै, संसद्ले प्रधानमन्त्रीलाई नियन्त्रण गर्न नसक्ने हुँदा लोकतान्त्रिक सन्तुलन कमजोर हुन सक्छ। प्रधानमन्त्रीले 'जनताको म्यान्डेट' भन्दै संसद्का निर्णय बेवास्ता गर्न सक्छन्, जसले शक्ति सन्तुलनको संकट ल्याउन सक्छ। साथै, अधिकार प्रधानमन्त्रीमा केन्द्रित हुँदा शक्ति केन्द्रीकरणको जोखिम बढ्छ, जुन लोकतन्त्रका लागि खतरनाक हुन सक्छ।

अन्तर्राष्ट्रिय अनुभवले पनि देखाउँछ कि यस्तो प्रणाली सजिलो छैन। इजरायलले सन् १९९६ देखि २००१ सम्म प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री प्रणाली लागू गरेको थियो। यस प्रणालीमा जनताले अलग-अलग रूपमा प्रधानमन्त्री र संसद्का सदस्यलाई मतदान गर्थे। तर, यसले दलगत विखण्डन बढाउँदै लग्यो, जसका कारण सरकारहरू कमजोर र अस्थिर बन्दै गए। अन्ततः सन् २००१ पछि उक्त प्रणाली खारेज गरी इजरायल पुनः परम्परागत संसदीय प्रणालीमा फर्कियो।

नेपालका सन्दर्भमा अहिले यस्तो प्रणाली लागू गर्नु व्यावहारिक रूपमा सम्भव देखिँदैन। संविधानको मूल संरचना संसदीय भएकाले यसलाई परिवर्तन गर्न राजनीतिक दलहरूको सर्वसम्मति आवश्यक छ। संविधान संशोधन प्रक्रिया कठिन छ, जसका लागि दुईतिहाइ बहुमत मात्र होइन, सातै प्रदेश सभाको अनुमोदन पनि अनिवार्य छ। दलगत विभाजन र अस्थिर राजनीतिक वातावरणमा यस्तो सहमति सम्भव देखिँदैन। साथै, संविधान अझै स्थायित्वको चरणमै भएकाले अहिले शासन प्रणालीमा आमूल परिवर्तन गर्नु उचित देखिँदैन। तर, दीर्घकालीन दृष्टिमा राजनीतिक स्थायित्व र उत्तरदायित्व सन्तुलनमा राख्ने उपायका रूपमा अर्ध-राष्ट्रपतीय प्रणालीजस्ता वैकल्पिक बहस अघि बढ्न सक्छन्। यसले प्रधानमन्त्री र राष्ट्रपतिबिच शक्ति बाँडफाँड गर्ने र जनताको प्रत्यक्ष सहभागिता कायम राख्ने अवसर दिन सक्छ। अन्ततः प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री प्रणाली स्थायित्व र जनप्रतिनिधित्वका दृष्टिले आकर्षक देखिए पनि नेपालको संवैधानिक र राजनीतिक यथार्थले तत्काल यसको बाटो बन्दजस्तै बनाएको छ। स्थायित्वको खोजी लोकतन्त्रको मूल्य र शक्ति सन्तुलन गुमाएर गर्न नहुने भएकाले अहिलेको सन्दर्भमा यस्तो प्रणाली लागू गर्नु संवैधानिक रूपमा कठिन र राजनीतिक रूपमा असम्भव देखिन्छ।

(न्यौपाने अधिवक्ता हुन्)

पुँजीवादको राजधानी न्युयोर्कको मेयरमा समाजवादी ममदानी



न्युयोर्क/ संयुक्त राज्य अमेरिकाको सबैभन्दा ठुलो सहर न्युयोर्क सिटीका मेयरमा जोहरान क्वामे ममदानीले जित हासिल गरेका छन् । ८४ लाखभन्दा बढी जनसंख्या भएको न्युयोर्कलाई अमेरिकाको आर्थिक तथा सांस्कृतिक राजधानी मानिन्छ । १.२८ ट्रिलियन डलर कुल गार्हस्थ्य उत्पादन (जिडिपी) रहेको न्युयोर्क अलग देश भएको भए विश्वको १९औँ ठुलो अर्थतन्त्र हुने थियो । यसलाई कहिलेकाहीँ पुँजीवादको राजधानीसमेत भनिन्छ । तर, सोही नगरको नेतृत्व अब आफूलाई प्रजातान्त्रिक समाजवादी बताउने ममदानीले गर्नेछन् ।

मंगलबारको मेयर चुनावमा ममदानीको जितलाई धेरैले ऐतिहासिक भनेका छन्, किनकि न्युयोर्क सिटीको मेयरका हिसाबमा ममदानी पहिलो मुस्लिम, पहिलो दक्षिण एसियाली मूलका र पहिलो अफ्रिकामा जन्मेका पहिलो मेयर हुनेछन् ।

ममदानीले खसेको कुल मतको ५० प्रतिशत मत हासिल गर्दा उनका निकटतम प्रतिद्वन्द्वी एन्ड्र्यु कोमोले ४१ प्रतिशत मत हासिल गरेका थिए । तेस्रो स्थानका रिपब्लिकन उम्मेदवार कर्टिस स्लिवाले भने कुल खसेको लगभग ७ प्रतिशत मात्र मत पाए ।

कोमोले यसै वर्ष जुनमा मेयर पदका लागि डेमोक्रेटिक पार्टीभित्र भएको आन्तरिक निर्वाचनमा ममदानीसँग पराजित भएपछि स्वतन्त्र रूपमा उम्मेदवारी दिएका थिए । न्युयोर्क सिटी रहेको न्युयोर्क स्टेटका डेमोक्रेटिक पार्टीका पूर्वगभर्नर कोमोमाथि सन् २०२१ मा यौन उत्पीडनको आरोप लागेको थियो । त्यसपछि उनले सो पदबाट राजीनामा दिएका थिए । ममदानी र कोमोलाई मिडियाले डेमोक्रेटिक पार्टीभित्रका दुई धार क्रमशः श्रमिक तथा न्यून आय भएका आमनागरिकमाथि ध्यान दिनुपर्ने र धनी दाताको प्रभाव रहेका राजनीतिज्ञको प्रतिनिधि बताएका थिए ।

सन् १९९१ अक्टोबरमा कम्पालामा जन्मिएका ममदानीका पिता गुजारी मुस्लिम महमुद ममदानी र आमा पन्जाबी हिन्दु मीरा नायर हुन् । पिता पेसाले प्राध्यापक हुन् भने आमा चर्चित फिल्म निर्मात्रि हुन् । ममदानी सात वर्षको उमेरमा उनको अभिभावकसँगै न्युयोर्क सरेका थिए ।

मेन राज्यको बोडोइन कलेजबाट अफ्रिकाना अध्ययनमा स्नातक डिग्री हासिल गरेका जोहरान राजनीतिमा प्रवेश गर्नुअघि आवास सल्लाहकारको रूपमा काम गर्थे जहाँ उनले कम आय भएका परिवारहरूलाई घरबाट निकालिन रोक्न सहयोग गर्थे । सन् २०२० को न्युयोर्क राज्यसभाको चुनावमा उनी एस्टोरिया, क्विन्सको प्रतिनिधित्व गर्ने ३६औँ जिल्लाबाट निर्वाचित भएका थिए ।

यसै वर्षको सुरुमा ममदानीले ब्रुकलिननिवासी २७ वर्षीया सिरियाली मूलकी कलाकार रामा दुवाजीसँग विवाह गरेका थिए ।

इतिहासमा आज नोभेम्बर ६



सन् १९९१ : सोभियत संघका १५ मध्ये सबैभन्दा ठुलो एकाइ रुसका राष्ट्रपति बोरिस यल्तसिनले सत्तारूढ कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाए । मिखाइल गोर्बाचेबविरुद्ध अगस्टमा भएको पार्टीका कट्टरपन्थी समूहले गरेको कू असफल भएपछि कमजोर बनेको कम्युनिस्ट पार्टीका लागि यो कदम अन्तिम धक्काजस्तो भयो । यस कदमले सोभियत संघको पतनलाई तीव्र बनायो ।

सन् १४५५ : जोहान गुटेनवर्गले विश्वको पहिलो प्रेस बनाउन लिएको ऋण नतिरेको मुद्दामा अदालतले ऋण दिने जोहान फर्स्टको पक्षमा फैसला गर्दै ऋणबापत प्रेस नै फर्स्टलाई अधिग्रहण गर्ने अधिकार दियो ।

सन् १८६० : इलिनोई राज्यका रिपब्लिकन नेता अब्राहम लिंकन अमेरिकाको १६औँ राष्ट्रपति बने ।

सन् १८६१ : अमेरिकी गृहयुद्धका क्रममा अलग राष्ट्रका रूपमा बनेको 'कन्फेडेरेट स्टेट्स अफ अमेरिका'ले ६ वर्षको कार्यकालका लागि जेफरसन डेभिसलाई राष्ट्रपति चुन्यो ।

सन् १९१३ : महात्मा गान्धी भारतीय खानी श्रमिकको ठुलो प्रदर्शन अगुवाइ गरेको आरोपमा दक्षिण अफ्रिकामा पक्राउ परे ।

सन् १९७८ : इरानका राजा माहेम्मद रेजा पहलवीले देशलाई सेनाको शासनमा राख्ने निर्णय गर्दै जनरल गोलाम रेजा अभारीलाई सरकार बनाउन आह्वान गरे ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नतिर्नु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म : आश्था जनरल स्टोर, प्रोप्राईटर तथा जमानीकर्ता : पुनाराम बन्जाडे** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देहीमा प्राइभेट फर्म दर्ता : १८४१-८-२०८०/८१, दर्ता मितिः २०८०/०८/१८, ठेगाना : जिल्ला, रुपन्देही, बुटवल उ.म.न.पा. वडा नं १२ **२) ऋणी : पुनाराम बन्जाडे** स्थायी ठेगाना : अर्घाखाँची जिल्ला, भुमिकास्थान न.पा. वडा नं. ४, हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १, बाबु : गोविन्द प्रसाद बन्जाडे, बाजे : नरबती बन्जाडे **धितोको विवरण** १) गोविन्द प्रसादकी बुहारी, पुनाराम बन्जाडेकी पत्नि ,अर्घाखाँची जिल्ला, भुमिकास्थान न.पा. वडा नं ०४ बस्ने सिता बञ्जाडेको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला आ. आमवा गा.वि.स. वडा नं. ४ ख स्थित कित्ता नं. ५२५ को क्षेत्रफल ०-०-१०-० (बिगाह) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) आश्था जनरल स्टोरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२)	**ऋणी : रिती देवी कहार** ठेगाना : नवलपरासी (ब.सु.प) जिल्ला, पाल्हीनन्दन गा.पा. वडा नं. २, बाबु : विश्वनाथ कहार, ससुरा : भुती कहार, पति : किशोरी लाल कहार **धितोको विवरण** भुती कहारकी बुहारी, किशोरी लाल कहारकी पत्नी, नवलपरासी (ब.सु.प) जिल्ला, पाल्हीनन्दन गा.पा. वडा नं. २ बस्ने रिती देवी कहार को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (ब.सु.प)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, जहदा गा.वि.स. वडा नं. ३क स्थित कित्ता नं. ७५ को क्षेत्रफल ०-१४-१०-० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३)	**१) ऋणी फर्म : वजरंगी ट्रेडर्स, प्रोप्राइटर तथा जमानीकर्ता : ग्रिस कुर्मी** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प.) नेपालमा प्राइभेट फर्म दर्ता :- ०५२१-७-२०७९/८०, मा, दर्ता मिति : २०८०/०३/१३, ठेगाना: जिल्ला नवलपरासी (ब.सु.प.), रामग्राम न.पा. वडा नं. ४ **२) ऋणी : ग्रिस कुर्मी** ठेगाना : नवलपरासी (ब.सु.प.) जिल्ला, रामग्राम न.पा. वडा नं. १३, बाबु : ब्रमा कुर्मी, बाजे : श्याम लाल कुर्मी **धितोको विवरण** १) श्यामलालको नाति, ब्रमा कुर्मीको छोरा नवलपरासी (ब.सु.प.) जिल्ला, रामग्राम न.पा. वडा नं. १३ बस्ने ग्रिस कुर्मीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, मंझरिया गा.वि.स. वडा नं. ३/क स्थित कित्ता नं. ७२१ र २०९ को क्षेत्रफल क्रमशः ०-०-४-२ र ०-७-२-०.५ (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) वजरंगी ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
४)	**१) ऋणी फर्म : जे.सि.डि. सप्लायर्स, प्रोपाईटर तथा जमानीकर्ता : दिपेन्द्र कुमार यादव** दर्ता नं. : वाणिज्य कार्यालय, रुपन्देहीमा प्रा.फ.र.नं. २६०७१/०६७, दर्ता मितिः २०६७/१२/१०, ठेगानाः जिल्ला रुपन्देही, सि.न.पा. वडा नं. ३ **२) ऋणी : दिपेन्द्र कुमार यादव** ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३, बाबु : चन्द्र वली यादव, बाजे : राम समुझ यादव **धितोको विवरण** १) राम समुझ यादवकी बुहारी, चन्द्र वली यादवकी पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३ बस्ने जुनु यादवको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३ स्थित कित्ता नं. ६७ को क्षेत्रफल ९३२.५० (व.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) जे.सि.डि. सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
५)	**१) ऋणी फर्म : नमो बुद्ध ब्याट्रि हाउस, प्रोपाईटर तथा जमानतकर्ता : सुनिल कुमार यादव** दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फा.र.नं. : ५०९३५/०७८/०७९, दर्ता मिति : २०७८/०४/०४, ठेगानाः जिल्ला रुपन्देही, सिद्धार्थनगर न.पा. वडा नं. १२ **२) ऋणी : सुनिल कुमार यादव** ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ९, बाबु : राजेन्द्र प्रसाद अहिर, बाजे : बद्रि अहिर **धितोको विवरण** १) सिद्धु अहिरको नाति, बद्रि अहिरको छोरा रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ९ बस्ने राजेन्द्र प्रसाद अहिरको नाममा मालपोत कार्यालय, भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेका रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ९ख स्थित कित्ता नं. ९७० को क्षेत्रफल ०-१-१५-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) नमो बुद्ध ब्याट्रि हाउसको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
६)	**ऋणी फर्म : अर्जुन फेन्सी स्टोर, प्रोपाईटर तथा जमानीकर्ता : अभय राना** दर्ता नं.: सिद्धार्थनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिद्धार्थनगर रुपन्देही, लुम्बिनी प्रदेश नेपालमा प्रा.फ.द.नं. २०७९/०८०-२/११४, दर्ता मिति : २०७९/७/२८, ठेगाना : जिल्ला रुपन्देही, सिद्धार्थनगर न.पा. वडा नं. ३ **धितोको विवरण** १) राम बहादुर रानाको नाती, सुर्य बहादुर रानाको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.प. वडा नं. ३ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३ बस्ने अर्जुन रानाको नाममा मालपोत कार्यालय रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३ स्थित कित्ता नं. २३ को क्षेत्रफल १२७.२५ (व.मि) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) अर्जुन फेन्सी स्टोरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
७)	**१) ऋणी : मोहन नाउ** स्थायी ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पं./गा.पं. वडा नं ७, हालको ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२, बाबु : बद्री नाउ, बाजे : सरजु नाउ **धितोको विवरण** सरजु नाउको नाती, बद्री नाउको छोरा रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पां. वडा नं ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं १२ बस्ने मोहन नाउको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ स्थित कित्ता नं. २९ को क्षेत्रफल २६४.८० (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । **कर्जाको किसिम : व्यक्तिगत कर्जा** **२) ऋणी : सन्जु नाउ** स्थायी ठेगाना : रुपन्देही जिल्ला, रोहीणी गा.पा. वडा नं. ७, हालको ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६, बाबु : सुवास नाउ, ससुरा : राम सुवक नाउ, पति : जय किशोर नाउ **जमानीकर्ता : मोहन नाउ** स्थायी ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पं./गा.पं. वडा नं ७, हालको ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२, बाबु : बद्री नाउ, बाजे : सरजु नाउ
८)	**ऋणी : दिर्घा सिह दरलामी मगर** स्थायी ठेगाना : उदयपुर जिल्ला, रौता गा.वि.स.वडा नं ४, हालको ठेगाना : उदयपुर जिल्ला, त्रियुगा न.पा.वडा नं १०, बाबु : बिर बहादुर, ससुरा : गम्भीर सिंह, पति : निर वहादुर सिंह दरलामी **धितोको विवरण** बिर बहादुरकी छोरी, गम्भीर सिंहकी बुहारी, निर वहादुर सिंह दरलामीकी पत्नी, उदयपुर जिल्ला, रौता गा.वि.स.वडा नं ४ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, त्रियुगा न.पा.वडा नं १० बस्ने दिर्घा सिह दरलामी मगरको नाममा मालपोत कार्यालय उदयपुरको लगतमा दर्ता कायम रहेका उदयपुर जिल्ला, भुमरसुवा गा.वि.स.वडा नं ४/क (हाल उदयपुर जिल्ला, त्रियुगा न.पा.वडा नं १०) स्थित कित्ता नं. २६७७, ३२६०, २१७६, २१८०, ३२५९, ३५५६ र २१८२ को क्षेत्रफल क्रमशः : ०-१-०.७५-०, ०-१-८.५०-०, ०-१-१८.५-०, ०-०-५-२, ०-०-४-२, ०-१-१६-२ र ०-०-९.५-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
९)	**१) ऋणी फर्म: निरभाना सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता : दिलिप लामा** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा फ.र.नं. ३८२३/२९७३/२०८०/०८१, स्थानीय व्यापार, दर्ता मितिः २०८०/०६/११, ठेगानाः जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. १३ **२) ऋणी : दिलिप लामा** स्थायी ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा न.पा./उ.म.न.पा. वडा नं. १२, हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १२, बाबु : कमुदेव लामा, बाजे : भिमसेन लामा **धितोको विवरण** १) भिमसेन लामाको नाति, कमुदेव लामाको छोरा, मकवानपुर जिल्ला, हेटौंडा न.पा./उ.म.न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १२ बस्ने दिलिप लामाको नाममा भुमिसुधार तथा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स./न.पा. वडा नं. ५ (हाल : हेटौंडा उ.म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ४२२१ को क्षेत्रफल १०१५.८९ (ब.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) भिमसेन लामाको नाति, कमुदेव लामाको छोरा, मकवानपुर जिल्ला, हेटौंडा न.पा./उ.म.न.पा. वडा नं. १२ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १२ बस्ने दिलिप लामाको नाममा भुमिसुधार तथा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स./न.पा. वडा नं. ३ (हाल : हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. १९२२ को क्षेत्रफल ६२२.२१ (ब.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) निरभाना सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१०)	**ऋणी : गणेश बहादुर कुँवर** ठेगाना : अछाम जिल्ला, साँफेवगर न.पा. वडा नं.४, बाबु : खडक सिंह कुँवर, बाजे : पदम सिं **धितोको विवरण** पदम सिंको नाति, खडक सिंह कुँवरको छोरा, अछाम जिल्ला, अछाम जिल्ला, साँफेवगर न.पा. वडा नं.४ बस्ने गणेश बहादुर कुँवरको नाममा मालपोत कार्यालय अछामको लगतमा दर्ता कायम रहेको अछाम जिल्ला, मुष्टामाण्डौं गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. ८३३ को क्षेत्रफल २२१.५० (ब.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
११)	**१) ऋणी फर्म : सुवास सर्जिकल सेन्टर एण्ड सप्लायर्स, प्रोप्राईटर तथा जमानतकर्ता : रुकुम बहादुर विश्वकर्मा** दर्ता नं.: उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत, नेपालमा प्रा.फ.र.नं. १०९३२/७६/०७७, मिति २०७६/१०/२१, ठेगाना : जिल्ला सुर्खेत, बिरेन्द्रनगर न.पा. वडा नं. ३ **२) ऋणी फर्म : सपना मेडिकल हल, प्रोप्राईटर तथा जमानतकर्ता : सपना पहाडी वि.क.** दर्ता नं.: उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेत, नेपालमा प्रा.फ.र.नं. ११६१७/०७७/०७८, मिति २०७७/०६/१५, ठेगाना : जिल्ला सुर्खेत, बिरेन्द्रनगर न.पा. वडा नं. ३ **३) ऋणी फर्म : सपना पहाडी वि.क.** ठेगाना : सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ४, बाबु : रुकुम बहादुर विश्वकर्मा, बाजे : ईन्द्र बहादुर विश्वकर्मा **धितोको विवरण** १) ईन्द्र बहादुर विश्वकर्माकी नातिनी, रुकुम बहादुर विश्वकर्माकी छोरी, सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ४ बस्ने सपना पहाडी वि.क.को नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, गोठीकांडा गा.वि.स. वडा नं. ६/६क स्थित कित्ता नं. ८०४ र ८०६ को क्षेत्रफल क्रमशः ३५५.५१ र १४८.१३ (ब.मि) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) सुवास सर्जिकल सेन्टर एण्ड सप्लायर्स तथा सपना मेडिकल हलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१२)	**ऋणी : हरिराम कठरिया** स्थायी ठेगाना : कैलाली जिल्ला, पथरैया गा.वि.स. वडा नं. १, हालको ठेगाना : कैलाली जिल्ला, जानकी गा.पा. वडा नं. ५, बाबु : फर्स राम कठरिया, बाजे : पन्चा कठरिया **धितोको विवरण** दुखुवा कठरियाको नाती, पन्चा कठरियाको छोरा, कैलाली जिल्ला, पथरैया गा.वि.स. वडा नं. १ बस्ने फर्स राम कठरियाको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, पथरैया गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ५४२ को क्षेत्रफल ०–११–१४ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
१३)	**ऋणी : वसन्त पाण्डे** स्थायी ठेगाना : रुपन्देही जिल्ला, सैनामैना न.पा. वडा नं. ६, हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १, बाबु : पारास्वर पाण्डे, बाजे : लक्ष्मी नारायण पाण्डे **धितोको विवरण** यमदग्नी पोख्रेलकी छोरी, पारास्वर पाण्डेकी बुहारी, वसन्त पाण्डेकी पत्नी, रुपन्देही जिल्ला, दुधराक्ष गा.वि.स. वडा नं. २ बस्ने विमला पाण्डेको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सौ. फर्साटकर गा.वि.स. वडा नं. १/ख (हाल शुद्धोदन गा.पा. वडा नं. ०४) स्थित कित्ता नं. १८०६ र १८०७ को क्षेत्रफल क्रमश : ०-३-९.२५ र ०-३-१६-० (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
१४)	**१) ऋणी फर्म : राजावाबु फार्मेसी, प्रोप्राईटर तथा जमानीकर्ता : लालबाबु चौधरी** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही मलंगवामा प्रा.फ.नं. : ९९६३/०७७/०७८, दर्ता मिति २०७७/०९/२४, ठेगाना : जिल्ला सर्लाही, लालबन्दी न.पा. वडा नं. १ **२) ऋणी : निलम देवि चौधरी** स्थायी ठेगाना : सर्लाही जिल्ला, सासापुर गा.वि.स. वडा नं. २, हालको ठेगाना : सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. १, बाबु : राम असिस साह, ससुरा : राम चन्द्र चौधरी, पति : लाल बाबु चौधरी **धितोको विवरण** १) राम असिस चौधरीकी छोरी, राम चन्द्र चौधरीकी बुहारी, लाल बाबु चौधरीकी पत्नी, सर्लाही जिल्ला सासापुर गा.वि.स. वडा नं. २ बस्ने निलम देवि चौधरीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, अत्रौली गा.वि.स. वडा नं. २ क स्थित कित्ता नं. ८६७ को क्षेत्रफल ०-२-८-१२ (विगाहा)को जग्गा र सर्लाही जिल्ला, जब्दि गा.वि.स. वडा नं. ९ झ स्थित कित्ता नं. ७५५ र १८४१ को क्षेत्रफल क्रमशः ०-०-१०-० र ०-०-१०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) राजावाबु फार्मेसीको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
१५)	**ऋणी फर्म : निरज पशु विकास फार्म, प्रोप्राईटर तथा जमानीकर्ता : बद्री प्रसाद यादव** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. : ७०३४/३१/२९५/८ चन्द्रपुर, दर्ता मिति २०७६/०४/१६, ठेगानाः जिल्ला रौतहट, च.पुर गा.वि.स. वडा नं. ५ (हाल : चन्द्रपुर न.पा. वडा नं. ५) **धितोको विवरण** १) रउदी रायकी छोरी, भुटा राय यादवकी बुहारी, बद्री प्रसाद यादवकी पत्नि, रौतहट जिल्ला, रमौली बैरिया गा.वि.स. वडा नं. ६ बस्ने सीता देवीको नाममा मालपोत कार्यालय, चन्द्रनिगाहापुर रौतहट जिल्लाको लगतमा दर्ता कायम रहेका रौतहट जिल्ला, चन्द्रनिगाहापुर गा.वि.स. वडा नं. ६ (हाल : चन्द्रपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. २९९० को क्षेत्रफल ०-०-८-८ (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) रउदी रायकी छोरी, भुटा राय यादवकी बुहारी, बद्री प्रसाद यादवकी पत्नि, रौतहट जिल्ला, रमौली बेरिया गा.वि.स. वडा नं. ६ बस्ने सीता देवीको नाममा मालपोत कार्यालय, चन्द्रनिगाहापुर रौतहट जिल्लाको लगतमा दर्ता कायम रहेका रौतहट जिल्ला, चपुर गा.वि.स. वडा नं. ५ (हाल: चन्द्रपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ३५५६ को क्षेत्रफल ०-१-० (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) निरज पशु विकास फार्म को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोटः ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राइटर/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सूचनाः
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २० कार्तिक ०८२

■ १२ सय मेगावाटको बुढीगण्डकीमा लगानी जुटाउन नयाँ खाका

५०% स्वपुँजी, ५०% ऋण

स्वदेश र विदेशमा रहेका नेपालीलाई सेयर दिने तयारी,
सरकारबाटै १ प्रतिशत ब्याजदरमा सहुलियत ऋण

मिलन विश्वकर्मा/नयाँ पत्रिका

राष्ट्रिय गौरवको १२ सय मेगावाटको बुढीगण्डकी जलविद्युत् परियोजनामा लगानी जुटाउन नयाँ खाका बनाइने भएको छ। अब परियोजनामा लगानी जुटाउन ५० प्रतिशत मात्रै ऋण लिने गरी नयाँ खाका बनाउन लागिएको हो। ५० प्रतिशत लगानी भने स्वपुँजीमार्फत जुटाउन लागिएको हो।

तीन खर्ब ९८ अर्ब संशोधित लागत अनुमान गरिएको परियोजनामा यसअघि सरकारबाट सम्भाव्य पूर्ति लगानी (भिजिएफ) उपलब्ध हुँदा र नहुँदाको अवस्था गरी दुईवटा मोडेल प्रस्ताव गरिएको थियो। पहिलो विकल्पमा सरकारले भिजिएफ उपलब्ध नगराएमा इक्विटी र ऋणको अनुपात क्रमशः २५ र ७५ प्रतिशत रहने प्रस्ताव गरेको थियो। यसका लागि जग्गाप्राप्तिलगायतका काममा सरकारबाट भएको खर्चलाई इक्विटीमा समावेश गरी थप र सहुलियतपूर्ण ऋण लगानीको रूपमा उपलब्ध हुनुपर्ने प्रस्ताव गरिएको थियो।

दोस्रो विकल्पमा भिजिएफ उपलब्ध भएमा इक्विटी र ऋण अनुपात क्रमशः ३० र ७० प्रतिशत रहने प्रस्ताव गरिएको छ। जग्गाप्राप्ति, सार्वजनिक पूर्वाधारको पुनर्स्थापना, वातावरण संरक्षण र वनक्षेत्र प्रयोगका लागि खर्चबापतको आवश्यक ७३ अर्ब रुपैयाँ सरकारले अतिसहुलीयतपूर्ण ऋण प्रदान गर्नुपर्ने प्रस्ताव गरिएको थियो। तर, लागत रकम नै धेरै भएका कारण ७० प्रतिशतभन्दा धेरै अनुपातमा ऋण जुटाउन गाह्रो हुने देखिएपछि ५०:५० प्रतिशतको ऋण स्वपुँजी अनुपातको मोडेल प्रस्ताव गरिएको हो।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले सोही मोडेलमा लगानीको नयाँ खाका पेस गर्न प्रवर्द्धक कम्पनी 'बुढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेड'लाई निर्देशन पनि दिएका छन्। उनले मंगलबार राति यस विषयमा कम्पनीसँग छलफल गरेका थिए। 'जग्गा अधिग्रहणका लागि हालसम्म गरिएको खर्च, वनक्षेत्रको जग्गा उपभोग एवं कटान हुने रुखको क्षतिपूर्ति रकम, भन्सार महसुल एवं मूल्यवृद्धि करलगायतका छुट दिइएमा आयोजना लगानीका लागि सम्भाव्य बन्न सक्छ। पेट्रोलियम इन्धन आयातमा लगाउँदै आएको पूर्वाधार करको आधा रकम सीधै आयोजनाको खातामा जम्मा गर्ने व्यवस्था गर्न सकिएमा लगानीका लागि कुनै समस्या हुँदैन, उक्त रकम खर्च गर्दै जान सकिन्छ, नेपाल विद्युत् प्राधिकरणको साधारण सेयर सर्वसाधारलाई निष्कासन गरेर पनि आयोजनाका लागि पैसा संकलन गरिन्छ,' उनले भने, 'आयोजनामा ५० प्रतिशत स्वपुँजी र ५० प्रतिशत ऋण रहने र नेपाल सरकारलाई भार नपर्ने गरी लगानी मोडालिटी तयार गरी तत्काल पेस गर्नुहोस्।'

कम्पनीका प्रमुख कार्यकारी अधिकृत अरुण रजौरियाले ५०:५० प्रतिशतको ऋण स्वपुँजी अनुपातमा परियोजना बनाउन सकिने बताए। 'अहिले सामान्यतः ७०:३० प्रतिशतको ऋण स्वपुँजी अनुपातमा जलविद्युत्मा लगानी भइरहेको अभ्यास हो। तर, यो परियोजनामा लगानी रकम नै धेरै छ। त्यसमाथि स्टोरेज आयोजना भएका कारण प्रतिफलदर कम हुन्छ। तसर्थ, यसमा ७० प्रतिशतभन्दा धेरै अनुपातमा ऋण जुटाउन चुनौती नै थियो। त्यो अवस्थामा ५०:५० प्रतिशतको ऋण स्वपुँजी अनुपातको खाका बनाउँदा धेरै नै सहज हुन्छ,' उनले भने, 'यो सम्भव पनि छ।

सरकारले बुढीगण्डकी परियोजनालाई नै लक्षित गरेर ०७३ देखि पेट्रोलियम पदार्थमा १० प्रतिशत पूर्वाधार कर उठाउँदै आएको छ। अब त्यसरी उठ्ने राजस्वबाट ५० प्रतिशत रकम सहुलियत ऋण (१ प्रतिशत ब्याजदर)को रूपमा सीधै परियोजनाको खातामा आउने गरी व्यवस्था गर्न प्रस्ताव गरिँदै छ। त्यसो हुँदा ब्याजदर सस्तो भई परियोजना वित्तीय रूपमा समेत आकर्षित हुने सिइओ रजौरियाले बताए। ऋणतर्फ यही रकम नै परिचालन गर्ने योजना बताइएको छ। आवश्यक परेका वेला बैंकिङ कर्जा पनि लिन सकिन्छ। 'यसमा व्यावसायिक ऋण लिएर सम्भव छैन। किनकि, लगानीकर्तालाई धेरै लाभांश दिन सकिँदैन।

तसर्थ, सहुलियत ऋण नै लिने हो। सरकारले यही परियोजनालाई लक्षित गरेर पूर्वाधार कर उठाउन सुरु गरेको हो। त्यसबाट उठेको राजस्वबाट आधा रकम सहुलियत ऋणको रूपमा सीधै परियोजनामा आउने गरी प्रस्ताव गर्न खोजेका छौं,' उनले भने। स्वपुँजीतर्फ ऊर्जा मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरणलगायतका सरकारी निकायबाट लगानी जुटाउने उनको भनाइ छ। यसैगरी, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, नेपाल टेलिकम र सर्वसाधारणबाट संकलन गर्ने प्रस्ताव गरिनेछ।

● बुढीगण्डकीका सिइओ अरुण रजौरिया भन्छन्-

५०:५०% ऋण र स्वपुँजी अनुपातको खाका बनाउँदा धेरै नै सहज हुन्छ



अहिले सामान्यतः ७०:३० प्रतिशतको ऋण स्वपुँजी अनुपातमा जलविद्युत्मा लगानी भइरहेको अभ्यास हो। तर, यो परियोजनामा लगानी रकम नै धेरै छ। त्यसमाथि स्टोरेज आयोजना भएका कारण प्रतिफलदर कम हुन्छ। तसर्थ, ५०:५० प्रतिशतको ऋण स्वपुँजी अनुपातको खाका बनाउँदा धेरै नै सहज हुन्छ, यो सम्भव पनि छ।

दसैँलगत्तैको वर्षालेे कृषिमा साढे तीन अर्बको क्षति

मधेशमा सबैभन्दा बढी दुई अर्ब ९८ करोड चार लाख ९७ हजार मूल्यबराबरको क्षति भएको छ। आठै जिल्लामा रोपिएको धानबालीमा क्षति भएको प्रारम्भिक तथ्यांक छ।

विराटनगरमा **गणेश लम्साल**,
धनकुटामा **सन्तोष रुचाल**,
संखुवासभामा **नवीन गुरुङ**
बुटवलमा **विष्णु घिमिरे** र
काठमाडौंमा **अजित अधिकारी**

दसैँलगत्तै १७, १८ र १९ असोजको वर्षाले कृषिक्षेत्रमा साढे तीन अर्बको क्षति भएको विवरण संकलन भएको छ। पछिल्लो वर्षाले गरेको क्षतिको विवरण भने संकलन भइरहेको कृषि विभागले जनाएको छ।

विभागका अनुसार दसैँलगत्तैको वर्षाले कुल तीन अर्ब ५५ करोड ८७ लाख ५४ हजार रुपैयाँबराबरको कृषिबाली, पशुधन, पूर्वाधार र बिउविजनमा क्षति पुगेको छ। बालीतर्फ कोशीमा ३४ करोड २४ लाख मूल्यबराबरको क्षति भएको छ। कोशीमा धान, तरकारी, अलैँची, अदुवा, केरा, आलु, चिया र कोदोबारीमा क्षति पुगेको विभागले जनाएको छ।

त्यस्तै, मधेशमा सबैभन्दा बढी दुई अर्ब ९८ करोड चार लाख ९७ हजार मूल्यबराबरको क्षति भएको छ। आठै जिल्लामा रोपिएको धानबालीमा ठुलो क्षति भएको प्रारम्भिक तथ्यांक छ। त्यस्तै, तरकारी, फलफूल, उखु र पशुधनमा पनि क्षति पुगेको छ।

बागमतीमा एक करोड २४ लाख ६३ हजार, गण्डकीमा १२ लाख ८० हजार र लुम्बिनीमा चार लाख ९८ हजार मूल्यबराबरको कृषिबाली तथा पशुधनमा क्षति पुगेको विभागको तथ्यांक छ।

प्रारम्भिक तथ्यांकअनुसार बालीतर्फ तीन अर्ब ३३ करोड ७१ लाख ६३ हजार, पशुपन्छीतर्फ १४ करोड ९० लाख ५२ हजार, कृषि पूर्वाधारतर्फ चार करोड ४५ लाख ९५ हजार र बिउविजनतर्फ दुई करोड ७९ लाख ४४ हजारबराबरको क्षति पुगेको छ।

विभागका महानिर्देशक प्रकाश सञ्जेलले दुवै वर्षाका कारण धानबालीमा सबैभन्दा बढी क्षति पुगेको बताए। 'अघिल्लो वर्षाको क्षति विवरण आइसकेको छ, पछिल्लोको भने संकलन जारी छ,' उनले भने। काट्ने वेला भएको धानमा पछिल्लो वर्षाले धेरै क्षति भएको रिपोर्टिङ प्राप्त भएको उनले जानकारी दिए।

लुम्बिनीमा ८९६ हेक्टरको धानबालीमा क्षति

बेमौसमी वर्षाबाट लुम्बिनी प्रदेशमा आठ सय ९६ हेक्टर क्षेत्रफलको धानबालीमा पूर्ण क्षति भएको छ। प्रदेशको कृषि विकास निर्देशनालयका अनुसार क्षेत्रफलका आधारमा रुपन्देहीमा र प्रतिशतका आधारमा गुल्मी जिल्लामा धेरै क्षति भएको छ।

रुपन्देहीमा दुई सय ४० हेक्टर अर्थात् शून्य दशमलव ४ प्रतिशत क्षति भएको छ भने गुल्मीमा दुई सय २२ हेक्टर अर्थात् ३ प्रतिशत क्षति भएको छ। त्यस्तै, नवलपरासीमा दुई सय एक हेक्टर, कपिलवस्तुमा एक सय ४४ हेक्टर, अर्घाखाँचीमा ५३ हेक्टर, पाल्पामा ३२ हेक्टर र बर्दियामा पाँच हेक्टर क्षेत्रफलको धानबालीमा पूर्ण क्षति भएको छ। लुम्बिनी प्रदेशमा दुई लाख ९८ हजार १० हेक्टर क्षेत्रफलमा धान लगाइएकोमा शून्य दशमलव ३० प्रतिशत अर्थात् आठ सय ९६ हेक्टरमा पूर्ण क्षति भएको हो। प्रदेशका जिल्लामा काटेर खेतमै रहेको सात हजार दुई सय ५० हेक्टर अर्थात् २ दशमलव ४३ प्रतिशत क्षेत्रफलको धानबाली भिजेको छ। काटेको धान खेतमै सबैभन्दा धेरै भिजेको जिल्लामा कपिलवस्तु पर्दछ। कपिलवस्तुको तीन हजार ३६ हेक्टर अर्थात् ४ दशमलव ६५ प्रतिशत काटेको धान खेतमै भिजेको छ।

त्यस्तै, दाङमा एक हजार ९४, गुल्मीमा सात सय ७५, अर्घाखाँचीमा ६ सय ७६, नवलपरासीमा चार सय १०, पाल्पामा चार सय ११, रुपन्देहीमा तीन सय ६०, प्युठानमा तीन सय १३, बर्दियामा एक सय ४६ र रुकुमपूर्वमा दुई हेक्टर क्षेत्रफको काटेको धानबाली खेतमा भिजेको छ।



संखुवासभाको खाँदबारी- ४ सेकाहामा स्थानीय गोरे गुरुङको भिजेको धानबाली

अविरल बेमौसमी वर्षा र हुरीबतासले संखुवासभामा करिब ४० प्रतिशत अन्नबालीमा क्षति पुगेको छ। संखुवासभामा पहलपुर भएर पाक्न लागेको धान र कोदोमा ठुलो क्षति पुगेको कृषि ज्ञान केन्द्र संखुवासभाका कार्यालय प्रमुख छत्रबहादुर विश्वकर्माले बताए। बेमौसमी वर्षाले संखुवासभाका धानखेतीमा ३९ दशमलव ८८ प्रतिशत धानबालीमा क्षति पुगेको छ। जिल्लाभरका आठ हजार चार सय ९३ हेक्टर क्षेत्रफल धानखेती गरिएकोमा पाँच हजार ९६ हेक्टर क्षेत्रफल अर्थात् ६० प्रतिशत धानमा क्षति नपुगेको कृषि ज्ञान केन्द्रको भनाइ छ। त्यसैगरी, कोदोखेतीमा २८ प्रतिशत हुरीबतास र वर्षाले क्षति पुगेको कृषि ज्ञान केन्द्रको तथ्यांकले देखाएको छ। जिल्लाभर ६ हजार ६ सय ६६ हेक्टर क्षेत्रफलमा कोदोखेती हुने गरेको छ। तीमध्ये काटेको, पाकेको ढलेको, नपाकेको ढलेको गरी वर्गीकरण गरेर हेर्दा संखुवासभामा २८ प्रतिशत कोदोखेती क्षति पुगेको पाइएको कृषि ज्ञान केन्द्र संखुवासभाका कार्यालय प्रमुख विश्वकर्माले बताए।



कोशीमा दुई अर्ब पाँच करोडबराबरको क्षति

गत १५ देखि १७ असोजसम्मको अविरल वर्षाले कोशी प्रदेशका धानबालीमा दुई अर्ब पाँच करोडभन्दा बढीको क्षति भएको छ। कोशी प्रदेशको उद्योग कृषि तथा सहकारी मन्त्रालयले संकलन गरेको प्रारम्भिक तथ्यांकअनुसार जिल्लामा अविरल वर्षाले सो बराबरको क्षति पुगेको हो। तर संघीय सरकारको कृषि विभागको तथ्यांकमा भने कोशीमा ३४ करोड २४ लाखबराबरको मात्रै क्षति भएको तथ्यांक उपलब्ध गराएको छ। प्रदेशका १४ जिल्लामध्ये सबैभन्दा बढी धानखेती हुने जिल्ला झापा, मोरङ र सुनसरीमा धान तथा तरकारीबालीमा ठुलो क्षति पुगेको छ। सबैभन्दा बढी झापामा चार हजार तीन सय ३६४ हेक्टर क्षेत्रफलमा लगाइएको धानबाली पूर्ण रूपमा क्षतिग्रस्त भएको छ। यसबाट करिब २१ हजार ८२० मेट्रिक टन उत्पादन नोक्सानी भएको छ।

त्यसैगरी, मोरङ जिल्लामा तीन हजार चार सय २१ हेक्टर क्षेत्रफलमा लगाइएको धानबालीमा क्षति पुगेको छ। उक्त क्षतिको कारण करिब १६ हजार ४२० मेट्रिकटन धान नोक्सानी भएको। यसबाट ५८ करोड ७८ लाख ६४ हजार रुपैयाँबराबरको आर्थिक क्षति भएको विवरणमा उल्लेख छ।

सुनसरी जिल्लामा दुई हजार आठ सय ५१ हेक्टरमा लगाइएको धानबालीमा क्षति पुगेको छ। यसबाट करिब १२ हजार ६५८ मेट्रिकटन उत्पादनमा क्षति पुगेको र करिब ४५ करोड ३१ लाख रुपैयाँ भएको अनुमान छ। त्यसैगरी, सुनसरीकै दुई सय हेक्टर क्षेत्रफलमा लगाइएको तरकारीबाली पनि पूर्ण रूपमा नष्ट भएको छ। यसबाट करिब दुई हजार मेट्रिकटन तरकारी नष्ट हुँदा करिब चार करोड रुपैयाँबराबरको आर्थिक क्षति भएको जनाइएको छ।

धनकुटाको दुई हजार पाँच सय ९५ दशमलव ६ हेक्टर क्षेत्रफलमा लगाएको १२ हजार चार सय १५ मेट्रिकटन धानमा क्षति पुगेको कृषि ज्ञान केन्द्र धनकुटाका प्रमुख नगेन्द्रबहादुर रानामगरले बताए।

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०७/२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय टिकाथली, ललितपुरबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत सार्विकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति : २०८२/०८/०४ गते/स्थान : शाखा कार्यालय टिकाथली, ललितपुर

बोलपत्र खोलिने मिति/समय : २०८२/०८/०७ गते, आइतबार दिनको ३ बजे

क्र.सं.	ऋणीको नाम, ठेगाना
१.	**नाम : रेगन कुमार सिंह** ना.प्र.नं. ३२-०१-७१-०६३८२, जि.प्र.का. रौतहट, जारी मिति : २०७१/१०/२२ बाबुको नाम : अनिल कुमार सिंह, बाजेको नाम : रघुवर सिंह क्षेत्री ठेगाना : रौतहट जिल्ला, गौर न.पा. वडा नं. ८, हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९
	जमानतकर्ताको विवरण **१. नाम : दिलमाया सिंह** ना.प्र.नं. ३२३२०८, जि.प्र.का. रौतहट जारी मिति : २०५७/१२/९ पतिको नाम : अनिल कुमार सिंह ससुराको नाम : रघुवर सिंह क्षेत्री ठेगाना : रौतहट जिल्ला, गौर गा.वि.स. वडा नं. ८ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ **२. नाम : अनिल कुमार सिंह** ना.प्र.नं. २५६, जि.प्र.का. रौतहट जारी मिति : २०४३/०४/२७ बाबुको नाम : रघुवर सिंह क्षेत्री बाजेको नाम : सुर्य बहादुर सिंह क्षेत्री ठेगाना : रौतहट जिल्ला, गौर न.पा. वडा नं. ९ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ **३. नाम : अनुजा कुमारी सिंह** ना.प्र.नं. ३२-०१-७१-०६३८२, जि.प्र.का. रौतहट, जारी मिति : २०७९/१०/२२ बाबुको नाम : अनिल कुमार सिंह, बाजेको नाम : रघुवर सिंह क्षेत्री ठेगाना : रौतहट जिल्ला, गौर न.पा. वडा नं. ८, हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२
	धितोको विवरण दिलमाया सिंहको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला, लेले गा.वि.स./न.पा. वडा नं. ७, नक्सा सिट नं. ७ क स्थित कित्ता नं. ५६४ र ५२९ को कुल क्षेत्रफल ०-९-२-१ र ०-१२-३-२ रोपनी भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : टिकाथली, ललितपुर, फोन नं. ०१-५००७२६९
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

विराटनगर भन्सारभित्रैबाट तस्करी

विराटनगर/ भन्सार जाँचपास प्रक्रियाअन्तर्गत बोलकबोल छलेर परिसरबाटै तस्करी गरेको खुलेपछि विराटनगर भन्सारका एजेन्ट प्रतिनिधि कुन्दन मण्डल पक्राउ परेका छन्। मंगलबार एजेन्ट प्रतिनिधि मण्डलले भन्सार जाँचपास प्रक्रिया छलेर प्रज्ञापनपत्रमा उल्लेख भएभन्दा बढी कपडा तस्करी गरेको सूचना पाएपछि विराटनगरका भन्सार अधिकृत उमेश श्रेष्ठले मण्डललाई पक्राउ गर्न आदेश दिएका थिए। तस्करी गरिएका सामानहरू ट्रान्सपोर्ट हुँदै पठाउने गरेको सूचना पाएपछि राजस्व अनुसन्धान इटहरीको टोलीले बुधबार विराटनगर- ६ सरौचियास्थित बुद्धपूजा ढुवानी सेवाबाट ३४ पोका कपडा नियन्त्रणमा लिएको छ।

भन्सार एजेन्ट सौगात पोखरेलका प्रतिनिधिमण्डल मंगलबारदेखि इलाका प्रहरी कार्यालय रानीको हिरासतमा छन्। तस्करी प्रकरणको छानबिन गर्न भन्सार प्रमुख श्रेष्ठले अधिकृतको नेतृत्वमा छानबिन समिति बनाएका छन्। प्रतिनिधिमण्डलमार्फत जाँचपास भएको प्रज्ञापनपत्रमा भन्सार एजेन्ट सौगात पोखरेलको हस्ताक्षर छ। भन्सारका प्रमुख अधिकृत श्रेष्ठले अधिकृतस्तरको छानबिन समिति बनाएको र प्रतिवेदन आएपछि मात्रै वास्तविकता खुल्ने बताए।

दरमखोला हाइड्रोको साधारण सेयर नेप्सेमा सूचीकृत

काठमाडौं/ दरमखोला हाइड्रो इनर्जी लिमिटेडको साधारण सेयर नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत भएको छ। नेप्से र दरमखोला हाइड्रोबिच बुधबार एक करोड तीन लाख पाँच हजार कित्ता साधारण सेयर सूचीकरण गर्न सम्झौता भएको छ। कम्पनीमा प्रतिकित्ता एक सयअंकित मूल्यका ३९ लाख ५० हजार कित्ता सर्वसाधारण लगानीकर्ताको र ६३ लाख ५५ हजार कित्ता संस्थापक लगानीकर्ताको स्वामित्व रहेको छ।

सूचीकृत सेयर दोस्रो बजारमा बिहीबारबाट कारोबार हुँदै छ। कम्पनीको प्रधान कार्यालय बागलुङको गल्कोटमा रहेको छ। लक्ष्मी सनराइज क्यापिटल लिमिटेडले उक्त कम्पनीको सेयर निष्कासन तथा बिक्री प्रबन्धकको रूपमा काम गरेको थियो।



चमेलिया-जौलजिवी अन्तरदेशीय प्रसारणको संयुक्त डिपिआर बनाइँदै, एक महिनामा तयार हुने

नयाँ पत्रिका

२२० केभीको चमेलिया-जौलजिवी अन्तरदेशीय प्रसारणलाइनको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भएको छ। २९ माघमा भारतको नयाँदिल्लीमा सम्पन्न १२औं ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको बैठकमा उक्त परियोजनाको निर्माण अघि बढाउने सहमति भएको थियो। सहमतिअनुसार नेपाल र भारत दुवैले आ-आफ्नो खण्डमा पर्ने परियोजनाको डिपिआर तयार गरेका हुन्।

सोमबार र मंगलबार पोखरामा सम्पन्न नेपाल-भारत सहसचिवस्तरीय संयुक्त प्राविधिक टोलीको बैठकमा उक्त डिपिआर प्रस्तुत भएको छ। साथै, अबको एक महिनामा परियोजनाको संयुक्त डिपिआर तयार गर्ने सहमति भएको सहसचिव तथा ऊर्जा मन्त्रालयको प्रवक्ता सन्दीपकुमार देवले जानकारी दिए। संयुक्त डिपिआर बनेपछि परियोजनाको निर्माण सुरु गरिनेछ। डिसेम्बर ०२७ सम्म परियोजना सम्पन्न गर्ने लक्ष्य लिइएको प्रवक्ता देवले बताए।



यसमा नेपाल खण्डको लाइन नेपाल आफैंले र भारत खण्डको लाइन भारतले नै निर्माण गर्नेछ। सन् २०२७ डिसेम्बरसम्म यो परियोजना बनाइ सक्ने लक्ष्य लिइएको छ।

'चमेलिया-जौलजिवी २२० केभी डबल सर्किट प्रसारणलाइनको नेपाल र भारतले आ-आफ्नोतर्फको प्रसारणलाइनको तयार गरिएको विस्तृत परियोजना प्रतिवेदन डिपिआर प्रस्तुत गरेको र संयुक्त प्राविधिक टोलीले दुवै देशको संयुक्त डिपिआर नोभेम्बर २०२५ भित्र तयार गर्ने सहमति भएको छ,' ऊर्जा मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'दुवै देशबिच उक्त प्रसारणलाइन २०२७ डिसेम्बरसम्म सम्पन्न गर्ने गरी कार्य अगाडि बढाउने सहमति भयो।'

बैठकको अध्यक्षता मन्त्रालयका सहसचिव सन्दीपकुमार देव र सहअध्यक्षता भारतको केन्द्रीय विद्युत् प्राधिकरणका प्रमुख इन्जिनियर भगवान सहाय बैरवाले गरेका थिए। उक्त बैठकमा दुवै देशबिचको विद्युत् आदानप्रदान, प्रसारण प्रणालीको सुदृढीकरण तथा नयाँ अन्तरदेशीय प्रसारणलाइन निर्माणका विषयमा विस्तृत छलफल भएको मन्त्रालयका प्रवक्तासमेत रहेको देवले बताए।

यस्तै, नयाँ बुटवल-गोरखपुर ४०० केभी अन्तरदेशीय लाइनलाई अस्थायी रूपमा २२० केभीमा सञ्चालन गर्ने व्यवस्था मिलाउने सहमति भएको छ। उक्त प्रसारणलाइनमार्फत विद्युत् आयात-निर्यात क्षमताको सम्बन्धमा उत्तर प्रदेश ट्रान्समिसन कम्पनीसँग १५ दिनभित्र बैठक गर्ने सहमति भएको विज्ञप्तिमा उल्लेख छ।

यस्तै, ढल्केवर-मुजफ्फरपुर र ढल्केवर-सीतामढी लाइनमार्फत विद्युत् आदान-प्रदान क्षमताको पुनर्मूल्यांकन पनि गरिएको छ। त्यसबाट अब १५ सय मेगावाट विद्युत् निर्यात र १४ सय मेगावाट आयात गर्न सक्ने क्षमता कायम भएको बताइएको छ।

ग्लोबल आइएमई र नास-आइटीबिच डिजिटल बैंकिङ र कर्जालगायतका विषयमा छलफल

काठमाडौं/ ग्लोबल आइएमई बैंकले नेपाल एसोसिएसन अफ सफ्टवेयर एन्ड आइटी सर्भिसेस (नास-आइटी)का सदस्यसँग छलफल गरेको छ। छलफलको विषय भने बैंकको कर्जा दायरा विस्तार, नवीन बैंकिङ सेवा तथा व्यवसाय वृद्धिलगायत रहेका छन्। कार्यक्रममा बैंकले कर्जाका प्रकार, प्रक्रिया र आवश्यकता, आइटी क्षेत्रका लागि बैंकको कर्जा योजना, बैंकिङ सेवा, डिजिटल/नवीनतम बैंकिङ सेवा, बैंकिङ विवरण सुरक्षित राख्ने उपायजस्ता विभिन्न विषयमा छलफल गरेको थियो।

कार्यक्रममा बोल्दै बैंकका सिइओ सुरेन्द्रराज रेग्मीले बैंकले विभिन्न पेसा तथा व्यवसायसँग आबद्ध समूह लक्षित गरी आफ्नो व्यवसाय विस्तारका लागि यस्ता अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिए। साथै, आमनागरिकमा वित्तीय साक्षरता बढाउन



मुलुकभर वित्तीय साक्षरताका कार्यक्रमसमेत सञ्चालन गरिरहेको उनले बताए। बैंक र नास-आइटीबिच दुवै संस्थामा आबद्ध कर्मचारीको ज्ञान, सीप र अनुभव विकास गर्ने कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ। ग्लोबल आइएमई बैंक नास-आइटीको नवस्थापित दिगो कोषलाई सहयोग गर्ने पहिलो दिगो साझेदार बनेको छ।

सामसङको ग्यालेक्सी एम-१७ फाइभ-जी सार्वजनिक

काठमाडौं/ स्मार्टफोन कम्पनी सामसङले नेपालमा ग्यालेक्सी एम सिरिजको नयाँ मोडेल ग्यालेक्सी एम १७ फाइभ-जी सार्वजनिक गरेको छ।

प्रिमियम डिजाइन, मजबुत टिकाउ र अत्याधुनिक एआइयुक्त फिचरसहितको यो स्मार्टफोनले आफ्नो सेग्मेन्टमै पहिलोपटक



अप्टिकल इमेज स्टाबिलाइजेनस अर्थात् नो सेक प्रविधि ल्याएको छ। यसमार्फत जहाँ भए पनि स्थिर र स्पष्ट फोटो तथा भिडियो कैद गर्न सकिने कम्पनीले जनाएको छ।

सामसङ इलेक्ट्रोनिक्स नेपालका एमएक्स व्यवसाय निर्देशक प्रणयरत्न स्थापितका अनुसार ग्यालेक्सी एम१७ मार्फत एआई र प्रिमियम क्यामेरा टेक्नोलोजीलाई अझ व्यापक नेपाली प्रयोगकर्तासम्म पुग्नेछ।

दुई भेरियन्टमा सार्वजनिक भएको ग्यालेक्सी एम १७ फाइजीमध्ये ४-१२८ जिबीको मूल्य २५ हजार ९९९ रहेको छ भने ६-१२८ जिबीको मूल्य २७ हजार ९९९ रहेको तोकिएको कम्पनीले जनाएको छ।

कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/०७/२० गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ **(पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ।**

तपसिल

डडेल्धुरा

१(क). ऋणीको विवरण

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५ तथा औद्योगिक व्यवसाय नियमावली २०७६ को नियम ४ बमोजिम, प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुरामा मिति २०७७/१२/१० मा उद्योग दर्ता नं. ८८३/३२७६/२०७७/०७८ कायम भई दर्ता रहेको डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **हिल क्वीन रिसोर्ट।**

प्रोप्राईटर - प्रकाश बहादुर साउद

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **प्रकाश बहादुर साउद**
ना.प्र.नं.- २१११/५८११
जारी मिति - २०४५/०९/२८ जि.प्र.का. डडेल्धुरा
बाबु - शेर सिंह साउद
बाजे - नैन सिंह साउद
स्थायी ठेगाना- डडेल्धुरा जिल्ला, बगरकोट गा.वि.स, वडा नं. ४
हालको ठेगाना- डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ०५

२. **पवित्रा साउद**
ना.प्र.नं.- २१९१/११२२५
जारी मिति - २०५२/०४/१४ जि.प्र.का. डडेल्धुरा
पति - प्रकाश बहादुर साउद
ससुरा - शेर सिंह साउद
स्थायी ठेगाना-डडेल्धुरा जिल्ला, बगरकोट गा.वि.स, वडा नं. ४
हालको ठेगाना- डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ०५

ख. ऋणीको विवरण

प्रकाश बहादुर साउद
ना.प्र.नं.- २१११/५८११
जारी मिति - २०४५/०९/२८ जि.प्र.का. डडेल्धुरा
बाबु - शेर सिंह साउद
बाजे - नैन सिंह साउद
स्थायी ठेगाना-डडेल्धुरा जिल्ला, बगरकोट गा.वि.स, वडा नं. ४
हालको ठेगाना- डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ०५

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **पवित्रा साउद**
ना.प्र.नं.- २१९१/११२२५
जारी मिति - २०५२/०४/१४ जि.प्र.का. डडेल्धुरा
पति - प्रकाश बहादुर साउद
ससुरा - शेर सिंह साउद
स्थायी ठेगाना-डडेल्धुरा जिल्ला, बगरकोट गा.वि.स, वडा नं. ४
हालको ठेगाना- डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ०५

२. **ज्ञानेन्द्र साउद**
ना.प्र.नं.- ३८
जारी मिति - २०५७/१२/२७ जि.प्र.का. डडेल्धुरा
बाबु - शेर सिंह साउद
बाजे - नैन सिंह साउद
स्थायी ठेगाना-डडेल्धुरा जिल्ला, बगरकोट गा.वि.स, वडा नं. ४
हालको ठेगाना- डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ०५

धितो सुरक्षणको विवरण

१. **पवित्रा साउद**को नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता कायम रहेको डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं.०४(साविक डडेल्धुरा जिल्ला खलंगा गा.वि.स. वडा नं. ०२) स्थित कित्ता नं. ८२५ को क्षे.फ. १६-०-२-० (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात।

नरेफाँट, काठमाण्डौ

१. ऋणीको विवरण

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०२/०१ मा दर्ता नं. १८९२९०/७४/०७५ कायम भई दर्ता रहेको काठमाण्डौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ७ स्थित रजिष्ट्रर्ड कार्यालय रहेको **पञ्चधुरा इन्टेरियर प्रा.लि.।**

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **नोगेन्द्र बहादुर कार्की**
ना.प्र.नं.- ०४९२७९७२,
जारी मिति - २०६३/०४/२२, जि.प्र.का. महोत्तरी
बाबु - भेष बहादुर कार्की
बाजे - न्यन बहादुर कार्की
स्थायी ठेगाना- महोत्तरी जिल्ला, माईस्थान गा.वि.स./न.पा., वडा नं. ५
हालको ठेगाना- काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ७

२. **रिनु शाह ठकुरी**
ना.प्र.नं.- ११६०१२
जारी मिति - २०६३/०८/०८, जि.प्र.का. सुनसरी
बाबु - पुरण सिंह ठकुरी
ससुरा - भेष बहादुर काकी
स्थायी ठेगाना- सुनसरी जिल्ला, दुहवी गा.वि.स., वडा नं. ६
